


# स्थानीय शिक्षा क्षेत्र योजना २०८२-२०८६

## हरिपुर नगरपालिका

## मधेश प्रदेश, सर्लाही, नेपाल

## २०८२

**संरक्षक**

श्री
श्री
श्री

**योजना निर्माण सदस्यहरु**

श्री
श्री
श्री
श्री
श्री
श्री
श्री

**योजना तयार कार्यदल सदस्यहरु :**

श्री
श्री
श्री
श्री
श्री
श्री
श्री
श्री
श्री

**प्रकाशक**

हरिपुर नगरपालिका हरिपुर सर्लाही
मधेश प्रदेश, नेपाल

**प्रमाणित मिति**

………………………….

**प्रकाशन मिति**

…………………………..

## अध्यक्षको भनाई

## उपाध्यक्षको भनाई

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

## योजनाको  कार्यकारी सारांश

- राष्ट्रिय जनगणना २०७८ अनुसार हरिपुर नगरपालिकाको साक्षरता दर ६०.३ प्रतिशत रहेकोछ जसमा पुरुष ६८.४ प्रतिशत र महिला ५२.७ प्रतिशत रहेकोछ।

- शैक्षिक सत्र २०८१ मा यस गाउँपालिकामा १५ वटा सामुदायिक बिद्यालय रहेकाछन् भने ७ वटा संस्थागत बिद्यालयहरु रहेकाछन् । त्यस्तैगरी ७ वटा मदरसा संचालनमा रहेकाछन् । १५ वटा सामुदायिक बिद्यालयहरुमध्ये माध्यमिक तहमा ६ वटा साधारण र १ वटा प्राविधिक धारको बिद्यालय रहेकाछन्। पालिका भित्र ३ वटा श्रोतकक्षाहरु संचालनमा रहेकाछन् जसमा दृष्टिविहिन र बहिरा बालबालिका अध्ययनरतछन्। २० वटा प्रारम्भिक बाल विकास केन्द्रहरु संचालनमा रहेकाछन्।

- १५ वटा सामुदायिक बिद्यालय र ७ वटा मदरसामा गरी प्रारम्भिक बालविकास केन्द्रमा बालिका ४१० र बालक ३७९ गरी जम्मा ७८९ जना विद्यार्थी रहेकाछन्। कक्षा १-५ मा बालिका २५३६ र बालक २१६१ गरी जम्मा ४६९७ जना विद्यार्थी रहेकाछन्। कक्षा ६-८ मा बालिका १११३ र बालक ९३६ गरी जम्मा २०४९ जना विद्यार्थी रहेकाछन्। कक्षा ९-१२ मा बालिका ९१३ र बालक ६८४ गरी जम्मा १५९७ जना विद्यार्थी रहेकाछन्। प्रारम्भिक बालविकास केन्द्र देखि कक्षा १२ सम्म गरी कुल विद्यार्थीमा बालिका ४९७० र बालक ४१६२ गरी जम्मा ९१३२ जना रहेकाछन्। पालिकामा कार्यरत शिक्षक कर्मचारीको तथ्यांक हेर्दा १५९ जना (महिला ६२) कार्यरत रहेकाछन्।

- हरिपुर नगरपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपालको विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचित छ। हरिपुर नगरपालिकाभित्र पनि विभिन्न किसिमका मठ , मन्दिर र मस्जिदहरु रहेका छन् भने यस नगरपालिका विभिन्न मेला, उत्सव र विभिन्न किसिमका साँस्कृतिक कलाहरुमा धनी रहेकोछ।

- यस योजनाको अन्त्य सम्ममा सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ साथै सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि हुनेछ।

- माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सिर्जनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइ प्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरिक तयार हुनेछन्।

# विषयसूची


दुई शब्द ..... **Error! Bookmark not defined.**

प्राक्कथन ..... **Error! Bookmark not defined.**

योजनाको साराशं ..... 6

परिच्छेद १ : परिचय ..... 1

१.१ वर्तमान अवस्था ..... 1

क. भौगोलिक अवस्थितिको विश्लेषण ..... 2

ख. जनसंख्यिक संरचनाको विश्लेषण ..... 2

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण ..... 3

घ. आर्थिक अवस्थाको विश्लेषण ..... 3

ङ. शैक्षिक अवस्थाको विश्लेषण ..... 4

१.२ मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण ..... 7

समस्या वृक्षको विश्लेषण ..... 7

शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण ..... 8

अवसरहरु ..... 10

परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण ..... 12

२.१ दुरदृष्टि ..... 12

२.२ लक्ष्य ..... 12

२.३ उद्देश्य ..... 12

२.४ रणनीति ..... 12

२.५ अपेक्षित उपलब्धी ..... 14

२.६ मुख्य कार्यसम्पादन सुचकहरु तथा लक्ष्य निर्धारण ..... 15

परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु ..... 20

३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा ..... 20

३.१.१ वर्तमान अवस्था ..... 20

३.१.२ उद्देश्य ..... 21

३.१.३ रणनीति ..... 21

३.१.४ प्रमुख उपलब्धी तथा नतिजा ..... 22

३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... 22

परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु ..... 40

४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्यांकन ..... 40

४.१.१ वर्तमान अवस्था ..... 40
४.१.२ उद्देश्य ..... 41
४.१.३ रणनीति ..... 42
४.१.४ प्रमुख उपलब्धी तथा नतिजा ..... 43
४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... 43
परिच्छेद ५. सुशासन तथा व्यवस्थापन ..... 69
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास ..... 69
५.१.१ वर्तमान अवस्था ..... 69
५.१.२ उद्देश्य ..... **Error! Bookmark not defined.**
५.१.३ रणनीति ..... 70
५.१.४ प्रमुख उपलब्धी तथा नतिजा ..... 71
५.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... **Error! Bookmark not defined.**
परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन ..... 72
६.१.१ वर्तमान अवस्था ..... **Error! Bookmark not defined.**
६.१.२ उद्देश्य ..... **Error! Bookmark not defined.**
६.१.३ रणनीति ..... **Error! Bookmark not defined.**
६.१.४ प्रमुख उपलब्धी तथा नतिजा ..... **Error! Bookmark not defined.**
६.१.५ प्रस्तावित बजेट ..... 1
परिच्छेद ७ अनुगमन तथा मूल्यांकन ..... 1
**७.१.१ वर्तमान अवस्था** ..... **Error! Bookmark not defined.**
७.१.२ उद्देश्य ..... **Error! Bookmark not defined.**
७.१.३ रणनीति ..... **Error! Bookmark not defined.**
७.१.४ प्रमुख उपलब्धी तथा नतिजा ..... **Error! Bookmark not defined.**
७.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ..... **Error! Bookmark not defined.**
अनुसूची १ : स्थानीय शिक्षा योजनाको ढाँचा ..... 4

## योजना निर्माणको औचित्य र प्रक्रिया

### क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेकोछ। त्यसै गरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन्। स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक तहसम्मको जिम्मेवारी स्थानीय सरकारको रहेको छ भने सो सम्बन्धी शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। नेपालको संविधान २०७५ मा व्यवस्था गरे अनुसार अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधारमानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। विभिन्न स्थानीय तहले शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा यस हरिपुर नगरपालिकाले पनि स्थानीय तह शिक्षा क्षेत्र योजना निर्माण गरेको हो।

### ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएकोछ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएकोछ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेकोछ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेकोछ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्यछ।

विद्यालय शिक्षामा रहेका आर्थिक, भौतिक, सामाजिक तथा राजनैतीक लगायतका कारणले सुविधा विहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा,

विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएक छ । यसैको आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएकाछन् । यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यस हरिपुर नगरपालिकाले यो शिक्षा क्षेत्र योजना तयार गरेको हो ।

**ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न,
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
- शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन ,

**घ) शिक्षा योजना निर्माणका आधार**

स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री हरुको समेत प्रयोग गरी योजना निर्माण गरिएको छ ।

- नेपालको संविधान
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालिन खर्च संरचना
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि

स्थानीय शिक्षा योजना निर्माण गर्दा यस पालिकाले अन्य क्षेत्रमा निर्माण गरेका योजना (कृषि, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास आदि) तथा विद्यालयले बनाएका विद्यालय सुधार योजना र नमुना विद्यालय विकास योजना जस्ता विभिन्न योजनालाई कार्यान्वयन सहजीकरण गर्ने अभिप्रायले योजनाले परिलक्षित गरेका मुख्य मुख्य कार्यक्रमलाई आधार मानि विभिन्न योजनाबिचको अन्तर्सम्बन्ध कायम हुने गरी योजना तर्जुमा गरिएको छ । यसका लागि स्थानीय तह अन्तर्गतका विभिन्न विभाग/शाखाहरूसँग पनि समन्वय गरी यो योजना तयार गरिएकोछ ।

### ङ) शिक्षा योजना निर्माण प्रक्रिया

यस पालिकाको शिक्षा क्षेत्र योजना निर्माण गर्दा नगर शिक्षा समितिको बैठक गरी अभिमुखीकरण गरियो साथै शिक्षा योजना निर्माण सम्बन्धमा बिद्यालयका सरोकारवालाहरुसँग सुझाव संकलन गरियो । साथै ५ बर्षे शिक्षा क्षेत्र योजना निर्माण समिति र लेखन कार्यदल गठन गरियो । योजना निर्माणको शुरुमा शिक्षा समिति र लेखन कार्यदलका सम्पूर्ण सदस्यहरुलाई शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तयार गरिएको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७८ को बारेमा अभिमुखीकरण गरियो र लेखन कार्यदलको बिषयगत विज्ञता अनुसारको जिम्मेवारी बाँडफाँड गरियो । अन्य योजनामा जस्तैः यस पालिकाले योजनाको निर्माणमा सहभागितामूलक प्रक्रिया अवलम्बन गरी देहायका विषयलाई ध्यान दिइएको छ ।

- नगर शिक्षा समितिको बैठक
- योजना  निर्माण समितिको गठन
- स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
- टोल तथा वडास्तरमा विभिन्न सरोकारवाल वडाध्यक्ष/, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति,  शिक्षक  अभिभावक सङ्घ, विद्यार्थी र अभिभावक, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित सङ्घसस्थालगायत विभिन्न सरकारी सँग भेला छलफल गरी (गैरसरकारी सङ्घसंस्था आदि/ सुझाव सङ्कलन
- स्थानीय तह तथा  विद्यालय स्तरीय छलफल
- योजनाको मस्यौदा तयारी
- मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण

- योजनाको अन्तिमीकरण
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
- स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**च) योजनाको लेखाजोखा**

शिक्षा क्षेत्र योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ दिगो र लगानीयोग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो l निर्माण भएको योजनाको लेखालोखा कार्यलाई समबन्धित स्थानीय तहले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका विज्ञहरू मार्फत योजनाको सुक्ष्म विश्लेषण गरी लेखाजोखा गरिएकोछ। योजनाको लेखाजोखा गर्दा नेतृत्त्व तथा सहभागिता (Leadership and participation), पर्याप्तता र सान्दर्भिकता (Adequacy and relevance), समता, सक्षमता तथा गुणस्तर (Equity, efficiency and quality), अन्तर्सम्बन्ध र तादात्म्य (Coherence) , सम्भाव्यता र कार्यान्वयनयोग्यता तथा सान्दर्भिकता, स्रोतको प्रबन्ध, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण र प्रक्षेपण, अनुगमन र प्रतिवेदन जस्ता विविध पक्षहरुलाई समेत ध्यानमा राखिएको छ।

**छ) योजनाको दस्तावेजको स्वरूप**

शिक्षा क्षेत्र योजना तयार गर्दा योजनाको स्वरूपलाई अनुसूची १ बमोजिमको ढाँचामा आधारित भई तयार गरिएकोछ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

शिक्षालाई मानिसको जीवनको तेस्रो आँखाका रूपमा लिइन्छ। शिक्षा एउटा यस्तो शक्तिशाली अस्त्र हो जसले समाज र देश परिवर्तनका लागि महत्वपूर्ण भूमिका खेल्दछ। शिक्षा पाउनु हरेक मानिसको नैसर्गिक अधिकार हो। नागरिक हक सुनिश्चित गर्नु राज्यको दायित्व हो। नेपालको संविधानले मौलिक हकअन्तर्गत धारा ३१ मा प्रत्येक नागरिकलाई निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा पहुँच हुने तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेको छ। यस्ता संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास हुन जरुरी भएकाले शिक्षासम्बन्धी हकका अन्य थुप्रै आयामलाई शिक्षा सम्बन्धी ऐन–२०२८ तथा शिक्षा नियमावली–२०५९ ले समेटेका छन्। यसै गरी, ऐन तथा नियमावली बाहेक राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण, कार्यदिशा र गन्तव्यको मार्गचित्र नीति मार्फत प्रतिविम्बित हुने हुँदा, नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा शिक्षा क्षेत्रको मार्ग दर्शकका रूपमा राष्ट्रिय शिक्षा नीति–२०७६ तर्जुमा गरिएकोछ। नेपालको शिक्षा क्षेत्रमा विगतका तुलनामा थुप्रै उपलब्धि भएका छन्। शिक्षा नीति–२०७६ ले शिक्षा क्षेत्रलाई सुदृढ गर्ने लक्ष्य बोकेकोछ। यस नीतिमा प्रारम्भिक बालविकास तथा शिक्षा, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम, उच्च शिक्षा, अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा, परम्परागत तथा खुला शिक्षा, समावेशी र विशेष शिक्षा, शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापन, सार्वजनिक–निजी साझेदारी र सामुदायिक एवं सार्वजनिक शिक्षा प्रणालीको सबलीकरण, शिक्षामा गुणस्तर, शिक्षामा लगानी आदि समेटिएका छन्।

राष्ट्रिय शिक्षा नीतिको लक्ष्यको अधीनमा रहेर प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्राधिकारभित्र थप नीति तथा कार्यनीति समावेश गरी तिनलाई कार्यान्वयन गर्न सक्नेछन्। स्थानीय सरकार सञ्चालन ऐन–२०७४ को दफा ११ को उपदफा २ को खण्ड (ज) मा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा आदि सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन गर्ने अधिकार स्थानीय सरकार अर्थात् गाउँ/नगर पालिकाको हुने भनेर व्यवस्था गरिएको छ। त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारहरुको ब्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजना, शिक्षा नीति २०७६, विद्यालय सबलीकरण दशक (२०७६ -२०८५), १५ बर्षे दिगो विकासको लक्ष्य, १६ औं आवधिक योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेकोछ। त्यसैगरी सन् २०३० सम्म प्राप्त गर्ने भनेर तय भएको दिगो विकासका १७ वटा लक्ष्यहरु मध्ये लक्ष्य नं ४ मा सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरु प्रोत्साहित गर्ने लक्ष्य निर्धारण गरेकोछ। जसको लागि ७ उद्देश्य तथा ३ माध्यमहरु तय गरेकोछ।

विद्यालय शिक्षामा रहेका आर्थिक, भौतिक, सामाजिक तथा राजनैतीक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे बिद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएकोछ। यसैको आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। हरिपुर नगरपालिका, सर्लाहीको ५ बर्षे नगर शिक्षा योजना शिक्षा प्रणालीमा सुधार र विकासको लागि एउटा महत्वपूर्ण कदम हो। त्यसको साथै यस हरिपुर नगरपालिका सर्लाहीको ५ बर्षे शिक्षा योजना एक दीर्घकालीन दृष्टिकोणका आधारमा नगरपालिकाको समग्र सामाजिक र आर्थिक प्रगतिको लागि आधारस्तम्भको रुपमा रहने गरी समग्र पालिकाको शैक्षिक विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उद्देश्य सहित ५ बर्षे स्थानीय शिक्षा क्षेत्र योजना तयार गरेको हो।

### क) भौगोलिक अवस्थितिको विश्लेषण

यस हरिपुर नगरपालिकाको स्थापना बि.स. २०७३ सालमा भएको हो | यो नगरपालिका मधेशप्रदेशमा अवस्थित सर्लाही जिल्लाको मध्य तराई भागमा अवस्थितछ। प्रशासकिय हिसाबमा यस नगरपालिकामा तत्कालिन ५ वटा गाँउ विकास समिति (जनकीनगर, हरिपुर, फरहदवा, लक्ष्मीपुर र पिडारी) समेटेर निर्माण गरिएको हो। सर्लाही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरु मध्ये हरिपुर विकासका सम्भावना बोकेको नगरपालिकाको रुपमा रहेकोछ। जम्मा ९ वटा वडा रहेको यस नगरपालिका ६६.८६ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएकोछ | ८,३५० घरधुरि रहेको यस नगरपालिकामा जम्मा जनसंख्या ४३,२३३ मध्ये महिला को सङ्ख्या २२,०९२ र पुरुषको सङ्ख्या २१,१४१ रहेको छ | यस नगरपालिकाको पुर्वमा ईश्वरपुर न.पा., लालबन्दी न.पा. र चन्द्रनगर गाँउपालिका, पश्चिममा बागमती न.पा., उत्तरमा हरिवन न.पा. साथै दक्षिणमा कविलासी न.पा. र बरहथवा नगरपालिका रहेकाछन्| मुख्य राजमार्गसम्म सडकको सहज पहुँच र मलंगवा हुदै भारत सम्मपुग्ने सडक बिस्तार हुनुका साथै स्थानीयस्तरमा सडक विस्तार र स्तरोन्नती विद्युत सेवा विस्तार भएकोछ । नगरपालिकामा इन्टरनेट तथा मोवाइल फोनको सुविधा विस्तार भएकोछ । हरिपुर नगरपालिकाको नामाकरण सम्बन्धमा विभिन्न किसिमका भनाई रहेकोछ। जसमध्ये एउटा प्रचलित भनाई अनुसार सर्लाही नगरपालिकामा हरिहंर नाथ माहादेवको मन्दिर भएकोले त्यहि महादेवको मन्दिरको नामबाट हरिपुर नगरपालिका रहन गएको भनाइ रहेकोछ।

### ख) जनसंख्यिक संरचनाको विश्लेषण

यस नगरपालिका मा विशेष गरेर मुस्लिम जातिको बाहुल्यता रहेकोछ। मुस्लिम जातिको वाहुल्यता रहे पनि थारु, क्षेत्री, यादब, मुसहर, दनुवार, तेली, चमार, हरिजन, राम, धुनिया, कोइरी, कुशवाहा जातिको पनि वसोवास रहेकोछ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको जम्मा जनसंख्या ४३,२३३ पुरुष २१,१४१ (४८.९%) र महिला २२,९९२ (५१.१%) रहेको छ। वडागत र जातजातिगत जनसंख्यालाई तलको तालिकामा हेर्न सकिन्छ।

हरिपुर नगरपालिका सर्लाहीको वडागत जनसंख्या




| | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 |
|---|---|---|---|---|---|---|---|---|---|
| वार्ड | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
| पुरुष | २३५२ | २३७४ | १८११ | १८१४ | ३१११ | २५८८ | २४३८ | १६२० | ३०३३ |
| महिला | २४०० | २४०७ | १८५७ | १९०४ | ३३१५ | २९०५ | २५८७ | १६७२ | ३०४५ |

वार्ड पुरुष महिला




## ग) सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

हरिपुर नगरपालिकाको सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण गर्दा यो नगरपालिका अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्य स्थलको रुपमा सुपरिचितछ । हरिपुर नगरपालिकाभित्र पनि विभिन्न किसिमका मठ, मन्दिर र मस्जीद हरु रहेका छन भने चिताईन, गढीमाई, दाहा लगायतका मेला, उत्सव र विशेष गरि थारु साँस्कृतिक कलाहरुमा यस नगरपालिका धनी रहेकोछ। हरिपुर नगरपालिकामा रहेको चिताईन महादेव मन्दिरले गर्दा पनि हरिपुर नगरपालिका पर्यटकिय दृष्टिले उच्च सम्भावना रहेको देख्न सकिन्छ। यस नगरपालिकामा भएका विभिन्न किसिमका प्राकृतिक तथा संस्कृतिक स्थलहरुको विकास गरि पर्यटनलाई बृद्धि गर्न सकिन्छ जस्तै: चिताइन महादेव, बाल उद्यान , हरिहर नाथ महादेव मन्दिर र पर्यटक स्थल, हजार विघाको मल्हिनीया पोखरी जस्ता ठाँउको विकास गर्दा यस नगरपालिकाको पर्यटन विकासका सम्भावनाहरु तिव्र रुपमा हुने देखिन्छ। हरिपुर नगरपालिका प्राकृतिक तथा साँस्कृतिक रुपले सम्पन्न क्षेत्र हो यस क्षेत्रभित्र रहेका प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरु, आर्थिक अभ्यास र उपलब्ध मानविय पूँजी तथा पूर्वाधार लगायतको अवस्थालाई हेर्ने हो भने यस हरिपुर नगरपालिकामा सामाजिक सांस्कृतिक रुपमा विकासका प्रशस्त सम्भावनाहरुको आंकलन गर्न सकिन्छ । थारु, मुस्लीम, चौधरी , ब्राम्हण, क्षेत्री, लगायतको बसोबास रहेको यो नगरपालिकामा आ–आफ्ना जातिगत धर्म, संस्कृति र परम्परा जिवित रहेकाछन्।

## घ) आर्थिक अवस्थाको विश्लेषण

नेपाललाई कम आय भएको मुलुकबाट मध्यम आय भएको राष्ट्रमा अति कम विकसित देशको सूचीबाट विकासशील देशको सूचीमा पुऱ्याउँने सरकारको महत्वकांक्षी लक्ष्यलाई टेवा दिन यस हरिपुर नगरपालिकाले पनि विभिन्न किसिमका आर्थिक क्रियाकलापहरुलाई अगाडि बढाएकोछ। यहाँका मानिसहरुको आर्थिकस्तर माथि उकास्न खेतीपाती, कृषि, उन्नत जातको पशुपालन, बीउ विजन, व्यावसायिक खेती व्यापार व्यवसाय, रोजगार तथा स्वरोजगारमुखी कार्यक्रम सञ्चालन गर्दै आएकोछ । यस पालिकाको ९ वटै वडाहरुले आर्थिक उत्पादनको सम्भावना बोकेकाछन् । सबै

वडाहरुमा पशुपालन, माछापालन, फलफूल खेती, कुखुरापालन, तरकारी उत्पादन, धान, मकै, गहुँ, कोदो, उखु, मुसुरो, तोरी, आलु, सिमी, बोडी, भटमास, कागती, केरा, आँप आदिको उत्पादन भइरहेको छ। उत्पादन हुने हरेक खेतीलाई व्यवसायिक बनाउँदै थप नयाँ साना तथा ठूला व्यवसाय र उद्योगहरुको संचालन, होमस्टे, होटल व्यवसाय यहाँको आर्थिक समृद्धिको श्रोतको रुपमा लिन सकिन्छ। वैदेशिक रोजगारले पनि यहाँको आर्थिक अवस्था वृद्धि गर्नमा मद्दत गरेको देखिन्छ। हरिपुर नगरपालिका प्राकृतिक रुपमा धनी क्षेत्र हो। यस क्षेत्रको प्राकृतिक वन जंगल, खनिज, विभिन्न वालीहरु उब्जाउन सकिने जमिन, खोला, नदी यस क्षेत्रका प्रमुख प्राकृतिक सम्पदा हुन्। बित्तिय कारोबारका लागि सहकारी, लघुबित्त संस्था, साल्पा विकास बैंक र राष्ट्रिय बाणिज्य बैंक रहेकाछन्। यस नगरपालिकाका अधिकांस ८० प्रतिशत मानिसहरु कृषि पेशामा निर्भर रहेका छन् भने केही मात्रामा २० प्रतिशत मानिसहरु सरकारी नोकरी, व्यापार, व्यवसाय, वैदेशिक रोजगार, सिकर्मी, डकर्मी आदि पेशामा निर्भर रहेका छन्।

## ङ) शैक्षिक अवस्थाको विश्लेषण

नेपालको वर्तमान शैक्षिक संरचना अनुसार विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेकोछ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास र कक्षा १ देखि ८ सम्म गरी जम्मा नौ वर्षको आधारभूत शिक्षा कायम गरिएकोछ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएकोछ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएकोछ। नेपालको संविधान अनुसार आधारभूत तहलाई अनिवार्य तथा नि:शुल्क गरिएकोछ भने माध्यमिक तह नि:शुल्क रहने ब्यवस्था गरिएकोछ। विद्यालय शिक्षामा दुई तरीकाबाट लगानी गरिएकोछ जसमा सरकारी र निजी स्रोतबाट ब्यवस्थापन गरिएकोछ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको साक्षरता दर ६०.३ प्रतिशत रहेकोछ जसमा पुरुष ६८.४ प्रतिशत र महिला ५२.७ प्रतिशत रहेकोछ।

शैक्षिक सत्र २०८१ सम्ममा यस नगरपालिकामा १५ वटा सामुदायिक बिद्यालय रहेकाछन् भने ७ वटा संस्थागत बिद्यालयहरु रहेकाछन्। पालिकाभित्र ७ वटा मदरसा संचालनमा रहेकाछन्। १५ वटा सामुदायिक बिद्यालयहरुमध्ये ६ वटा माध्यमिक र १ वटा प्राविधिक धारको बिद्यालय रहेकाछन्। ३ वटा श्रोतकक्षाहरु संचालनमा रहेकाछन् जसमा दृष्टिविहिन र बहिरा बालबालिका अध्ययनरतछन्। २० वटा प्रारम्भिक बाल विकास केन्द्रहरु संचालनमा रहेकाछन्। एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार शैक्षिक सत्र २०८१ अनुसार सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको बिवरण निम्नानुसार रहेका छन् :




| | ECD | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बालक | ३७९ | ५५२ | ५५६ | ४०८ | ३६० | २८७ | ३३३ | ३०६ | २९७ | २३३ | २१९ | ११३ | ११९ | ४१६२ |
| बा लका | ४१० | ६७८ | ६४० | ४४१ | ४०९ | ३६६ | ३९१ | ३७८ | ३४४ | २५२ | २६४ | २०७ | १९० | ४९७० |
| जम्मा | ७८९ | १२३० | ११९६ | ८४९ | ७६९ | ६५३ | ७२४ | ६८४ | ६४१ | ४८५ | ४८३ | ३२० | ३०९ | ९१३२ |

तालिका अनुसार १५ वटा सामुदायिक बिद्यालय र ७ वटा मदरसामा गरी प्रारम्भिक बालविकास केन्द्रमा बालिका ४१० र बालक ३७९ गरी जम्मा ७८९ जना रहेकाछन्। कक्षा १-५ मा बालिका २५३६ र बालक २१६१ गरी जम्मा ४६९७ जना रहेकाछन्। कक्षा ६-८ मा बालिका १११३ र बालक ९३६ गरी जम्मा २०४९ जना रहेकाछन्। कक्षा ९-१२ मा बालिका ९१३ र बालक ६८४गरी जम्मा १५९७ जना रहेकाछन्। कुल बालिका ४९७० र बालक ४१६२ गरी जम्मा ९१३२ जना रहेकाछन्।

पालिकामा कार्यरत शिक्षक कर्मचारीको तथ्यांक हेर्दा १५९ जना कार्यरत रहेकाछन्। जसको विवरण तलको तालिकामा देखाइएको छ।

| बाविके | प्रा.वि. | निमावि | मावि | प्राविधिक धार | उमावि | बिद्यालय सहयोगी | प्रास | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| २० | ७७ | १८ | १३ | ८ | ३ | १५ | ५ | १५९ |

बिद्यालय शिक्षालाई गहन रुपमा विश्लेषण गर्दा पछिल्ला दिनमा शिक्षाको पहुँचमा उल्लेखनीय विस्तार भएको भएपनि गुणस्तर तथा सिकाइ उपलब्धि सुनिश्चितता एक मुख्य चुनौतिको रुपमा रहेकोछ।

**उपलब्धी र अन्तर**

पालिकाको शिक्षा अवस्था विश्लेषण गर्दा अझै शिक्षाको अवस्था सुधारोन्मुख देखिए पनि अपेक्षित सुधारको स्तरमा पुर्याउन सकिएको छैन।

| हरिपुर नगरपालिकाको शैक्षिक विवरण | | | | | |
|---|---|---|---|---|---|
| इसिडी अनुभव सहित कक्षा १ भर्ना संख्या | छात्रा | ४९७ | इसिडी अनुभव सहित कक्षा १ भर्ना दर | छात्रा | ७१.७ |
| | छात्र | ५१३ | | छात्र | ७५.१ |
| | जम्मा | १०१० | | जम्मा | ७३.४ |
| इसीडीको कुल भर्नादर | छात्रा | ७२.३ | इसीडीको खुद भर्नादर | छात्रा | ९०.६ |
| | छात्र | ७१.० | | छात्र | ८९.३ |
| | जम्मा | ७१.६ | | जम्मा | ८९.९ |
| कुल प्रवेशदर कक्षा १ | छात्रा | १२६.० | खुद प्रवेशदर कक्षा १ | छात्रा | ९६.० |
| | छात्र | १२८.९ | | छात्र | ९६.४ |
| | जम्मा | १२७.४ | | जम्मा | ९६.२ |
| कुल भर्नादर कक्षा १ – ५ | छात्रा | १३६.२ | खुद भर्नादर कक्षा १ – ५ | छात्रा | ९५.४ |
| | छात्र | १२३.१ | | छात्र | ९५.१ |
| | जम्मा | १२९.५ | | जम्मा | ९५.२ |
| कुल भर्नादर कक्षा ६ – ८ | छात्रा | ९९.५ | खुद भर्नादर कक्षा ६ – ८ | छात्रा | ९१.८ |
| | छात्र | ९५.१ | | छात्र | ८४.५ |
| | जम्मा | ९७.३ | | जम्मा | ८८.२ |
| कुल भर्नादर कक्षा १ – ८ | छात्रा | १२४.० | खुद भर्नादर कक्षा १ – ८ | छात्रा | ९४.२ |
| | छात्र | ११४.३ | | छात्र | ९१.८ |
| | जम्मा | ११९.१ | | जम्मा | ९३.० |
| कुल भर्नादर कक्षा ९ – १० | छात्रा | ८६.३ | खुद भर्नादर कक्षा ९ – १० | छात्रा | ७६.१ |
| | छात्र | ८६.५ | | छात्र | ६९.७ |
| | जम्मा | ८६.३ | | जम्मा | ७३.३ |
| कुल भर्नादर कक्षा ११ – १२ | छात्रा | ४०.९ | खुद भर्नादर कक्षा ११ – १२ | छात्रा | २०.८ |
| | छात्र | ५३.२ | | छात्र | २९.२ |
| | जम्मा | ४५.४ | | जम्मा | २३.९ |
| कुल भर्नादर कक्षा ९ – १२ | छात्रा | ६०.९ | खुद भर्नादर कक्षा ९ – १२ | छात्रा | ४५.१ |
| | छात्र | ७०.५ | | छात्र | ५०.३ |
| | जम्मा | ६४.८ | | जम्मा | ४७.२ |
| कक्षा ८ सम्मको टिकाउदर | छात्रा | ८६.६ | | छात्रा | |
| | छात्र | ८७.२ | | छात्र | |
| | जम्मा | ८६.९ | | जम्मा | |

*तथ्यांक स्रोत : CEHRD Flash Report २०८० तथा District IEMIS Dash board*

***कक्षा छोडने दोहोर्याउने र उतीर्ण दर***

| | | दोहोर्याउने दर | छोड्ने दर | उतीर्ण दर |
|---|---|---|---|---|
| कक्षा १-५ | छात्रा | १६.४ | ३.२ | ७५.५ |
| | छात्र | १४.४ | ३.८ | ७६.८ |
| | जम्मा | १५.५ | ३.५ | ७६.२ |
| कक्षा ६- ८ | छात्रा | ८.२ | ४.३ | ८४.५ |
| | छात्र | ९.३ | ५.८ | ८०.५ |
| | जम्मा | ८.७ | ५.० | ८२.६ |
| कक्षा ९- १० | छात्रा | ६.० | २.० | ९०.४ |
| | छात्र | ४.३ | २.९ | ९०.४ |
| | जम्मा | ५.२ | २.४ | ९०.४ |
| कक्षा ११- १२ | छात्रा | ०.० | ०.२ | ९२.५ |
| | छात्र | ०.० | ०.५ | ९२.५ |
| | जम्मा | ०.० | ०.४ | ९२.५ |

## १.२ मुख्य समस्या तथा चुनौतीहरुको विश्लेषण

### क) समस्या वृक्षको विश्लेषण

हरिपुर नगरपालिकाको शिक्षासँग सम्बन्धित विभिन्न समस्याहरुको विश्लेषण गर्ने क्रममा समस्याको विश्लेषण गर्ने विभिन्न विधिहरु मध्ये समस्या वृक्ष (Problem Tree) लाई उपुक्त विधिको रुपमा उपयोग गरिएकोछ। यस हरिपुर नगरपालिकामा रहेका १५ वटा सामुदायिक बिद्यालयहरुमध्ये अधिकांश बिद्यालयहरुमा पुगेर स्थानीय सहजकर्ता मार्फत समस्या पहिचान गर्ने र सुझाव संकलन गर्ने कार्य सम्पन्न गरिएकोछ। बिद्यालयका सरोकारवालाहरुबीच बृहत छलफल गरी मुख्य समस्याको चिरफार र विश्लेषण गरेर  वर्तमान अवस्थाको विश्लेषणबाट पहिचान गरेका मुख्य कमजोरी तथा अभाव (Gaps) लाई समस्या वृक्ष (Problem Tree) मा प्रस्तुत गरी मुख्य समस्या (Core Problem), समस्याका प्राथमिक कारण (Primary Causes) र सहायक कारण (Secondary Causes) र समस्याले पारेको असर (Effects) गरी तीन किसिमबाट विश्लेषण गरिएको थियो। विभिन्न कारक तत्त्व र सम्बन्धित असर पहिचान गरेर मुख्य समस्याको विश्लेषण गरिसकेपछि स्थानीय तहमा कुन कुन कारण कार्यान्वयनयोग्य छन् भनेर निर्धारण गरियो र समस्यालाई सम्बोधन गर्न आफ्नै परिवेशमा व्यावहारिक समाधानका विकल्पहरु पहिचान गरियो।

समस्या वृक्ष विश्लेषणका आधारमा यस नगरपालिकाका शिक्षा क्षेत्रका मुख्य समस्याहरुमा निम्नानुसार उल्लेख गरिएकोछ।




## ख) शिक्षा क्षेत्रका चुनौतीको *SWOT* विश्लेषण

यस हरिपुर नगरपालिकाको शिक्षा क्षेत्रमा रहेका सबल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीको विश्लेषण गरियो । पालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्य सबल पक्ष निम्नानुसार रहेका छन्:

- शिक्षकको नियमितता बढाउन तथा विद्यालयमा पुरा समय टिकाई रहन सबै विद्यालयमा विद्युतीय हाजिरी प्रणाली जडान गरिएको ।
- सबै विद्यालयका बालविकास कक्षाकोठामा स्मार्ट टि भी जडान गरिएको ।
- विद्यार्थीको सिकाई निरन्तरताको लागि पहिलो चरणमा प्राथमिक तहमा होमवर्क डायरीको व्यवस्थापन गरिएको ।
- कक्षा ५ को परीक्षा नगरस्तरमा सञ्चालन व्यवस्थापन तथा नतीजा विश्लेषण गर्ने गरिएको ।
- कार्यसम्पादनको आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गर्ने गरिएको ।
- समयमै शिक्षकहरुको तलबभत्ता निकासा गरिएको ।
- शैक्षिक क्यालेण्डरको निर्माण, बितरण र प्रभावकारी कार्यान्वयन गरिएको ।
- पाठ्यपुस्तक र छात्रवृत्तिको रकम सरल र सहजरुपमा उपलब्ध गराइएको ।
- माध्यमिक बिद्यालयमा सिसी क्यामेरा साथै सबै बिद्यालयहरुमा कम्प्युटर र इन्टरनेटको उपलब्धता भएको ।
- प्रभावकारी अनुगमन तथा निरीक्षणको व्यवस्था भएको ।
- प्रारम्भिक बालविकास केन्द्रहरु व्यवस्थित र प्रभावकारी रहेको ।
- बिद्यालयमा स्वास्थ्य र पोषणका कार्यक्रमहरु संचालन गरी सचेतना गरिएको ।
- दिवाखाजा कार्यक्रमलाई व्यवस्थित रुपमा संचालन गरिएको ।
- शिक्षकहरुको लागि बिषयगत तालिमहरु संचालन भएको ।
- श्रोत बिद्यालयहरु व्यवस्थित रुपमा संचालनमा रहेको ।

**सुधारात्मक पक्षहरु**

- बिद्यालयहरुमा अनुगमन तथा सुपरीवेक्षणका साथै सुधारात्मक पृष्ठपोषण हुन र सहयोग उपलब्ध हुनुपर्ने ।
- Standard operating procedure (SoP) हुनुपर्ने ।
- बिद्यालयलाई राजनैतिक हस्तक्षेप मुक्त बनाउनुपर्ने ।
- अभिभावक सचेतना सञ्चालन गरी बिद्यालयमा अभिभावकको संलग्नता बढाउनुपर्ने ।
- बिद्यार्थीको अनुपातमा शिक्षक दरवन्दीको व्यवस्थापन गर्नुपर्ने ।
- कक्षा शिक्षणमा बालमैत्री र प्रयोगात्मक विधिको अवलम्वन गर्नुपर्ने ।
- प्रारम्भिक बालविकास केन्द्रलाई न्यूनतम मापदण्ड बमोजिम अपाङ्गतामैत्री र बालमैत्री पूर्वाधारहरुको थप व्यवस्थापन गर्नुपर्ने ।
- शिक्षकहरुको लागि पाठ्यक्रम प्रबोधिकरण तथा बिषयगत तालिम र थप मेन्टोरिङको व्यवस्था गर्नुपर्ने ।
- बिद्यालयहरुमा प्रयाप्त सिकाइ सामग्रीहरुको व्यवस्था गर्नुपर्ने ।

- बिद्यालयमा बितरित इन्टरनेट सेवाको क्षमता बढाइ गुणस्तरीय बनाउने र शिक्षणमा सूचना प्रविधिको प्रयोग गरी प्रविधिमैत्री शिक्षणमा जोडदिनुपर्ने ।
- बिव्यस र शिअसं अभिमुखीकरण तथा अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- नागरिक बडापत्र, उजुरी तथा गुनासो सुनुवाई संयन्त्रलाई व्यवस्थित र प्रभावकारी कार्यान्वयन गर्नुपर्ने ।
- संघ प्रदेश र स्थानीय तहको समन्वय सहकार्य र सहभागिता बढाउनुपर्ने ।
- बिद्यालय सुधार योजना र सामाजिक परीक्षणलाई व्यवस्थित बनाइ कार्यान्वयन गरिनुपर्ने ।
- शैक्षिक सुधारको लागि पालिकासँग सम्बद्ध बिभिन्न संघसंस्थाहरुसँग समन्वय र सहकार्य बढाउनुपर्ने ।

**चुनौतीहरु**

- बिद्यार्थी संख्याको अनुपातमा शिक्षक दरवन्दी ब्यवस्थापन गर्नु ।
- विद्यालय शिक्षाको गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु ।
- शैक्षिक सुशासन र उतरदायित्व अभिवृद्धि गर्नु ।
- सवै प्रकारका विद्यालयमा भौतिक पुर्वाधार सहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु ।
- शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, वालमैत्री एवं प्रविधिमा आधारित बनाउनु ।
- बिद्यालयमा बिद्यार्थीको नियमितता बढाउनु ।
- कक्षा छाड्ने, दोहोर्याउने दरलाई सुन्यमा झारी अपेक्षित सिकाइ उपलव्धि हासिल गर्नु ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विकासको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलव्धता र समन्यायिक पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत साधनको उपलव्धता र व्यवस्थापन गर्नु ।
- प्राविधिक शिक्षाको अवसर विस्तार गर्दै ज्ञान सीप र प्रविधिमा आधारित अर्थतन्त्र प्रवर्द्धन गर्नु ।
- सीपयुत्त दक्ष र क्षमतावान युवालाई स्वदेशमै सेवा गर्ने अवसरको सिर्जना गर्नु ।
- सूचना तथा संचार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु ।
- बिद्यालयलाई राजनैतिक क्रियाकलापमुक्त शान्तिक्षेत्र कायम गर्नु ।
- पाठ्यक्रम र पाठ्यपुस्तकको समयमै उपलब्धता र तालिमको व्यवस्था गर्नु ।

**अवसरहरु**

यस हरिपुर नगरपालिकामा विविध चुनौतिहरुबीच पनि शैक्षिक क्षेत्रको उन्नयनका लागि थुप्रै अवसरहरु रहेकाछन् । कालो बादलभित्र चाँदीको घेरा हुन्छ भनेझै यस पालिकामा पनि शिक्षा सुदृढिकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । जसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- नगरपालिकाबाट शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी नीति तथा कार्यविधिहरु निर्माण र कार्यान्वयन गरिएको ।

- शिक्षा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिवृद्धि गर्न सकिने अवस्था हुनु।
- स्थानीयस्तरमा उत्पादित सामग्रीलाई दिवाखाजाको रुपमा उपभोग गर्न सकिने अवस्था हुनु। विद्यालयमा क्यान्टिन संचालन गरी रोजगारको अवसर सिर्जना गर्न सकिने अवस्था रहनु।
- थप प्राविधिक धारका बिद्यालय संचालन गर्न आवश्यक पूर्वाधार र बिषय विज्ञ उपलब्धता हुनु।
- प्रारम्भिक बालविकास र आधारभूत तहका कक्षाहरु मापदण्ड बमोजिम पहुँचयुत्त हुनु।
- प्राविधिक तथा व्यवसायिक शिक्षा लिएका जनशक्तिलाई स्थानीय स्तरमै रोजगारको अवसर सिर्जना गरी आयआर्जनसँग जोडिएर आर्थिक रुपमा सबल र आत्मनिर्भर बनाउन सक्ने अवस्था रहनु।
- बिद्यालयलाई सूचना प्रविधिमैत्री बनाई अनुसन्धान र नवीनतम शिक्षण पद्धतिको अवलम्वन गर्न सक्ने अवस्था हुनु।
- खेलकुद र अतिरिक्त क्रियाकलापको माध्यमबाट राष्ट्रिय अन्तराष्ट्रियस्तरमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न सकिने अवस्था रहनु।

## परिच्छेद २ : दुरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ दुरदृष्टि

"प्रविधिमैत्री सीपयुक्त जीवन उपयोगी र व्यवहारिक शिक्षाको सुनिश्चितता

समावेशी, पहुँचयुक्त र दक्षजनशक्ति उत्पादन हरिपुर नगरपालिकाको प्रतिवद्धता"

### २.२ लक्ष्य

बिद्यालय शिक्षामा प्रविधिमैत्री, स्वरोजगारयुक्त शिक्षाको माध्यमबाट पहुँच, सहभागिता, समावेशिता र सक्षमता सहितको जीवन उपयोगी गुणस्तरीय शिक्षा सुनिश्चत गर्ने।

### २.३ उद्देश्य

- प्रारम्भिक बाल विकासदेखि माध्यमिक तहसम्मको शिक्षामा सबैको समावेशी समतामूलक सर्वसुलभ पहुँचको सुनिश्चितता गर्नु ।
- विद्यालय शिक्षाको तहगत सिकाइ उपलब्धीमा अपेक्षित वृद्धि गर्नु ।
- विद्यालयको भौतिक पुर्वाधारहरु मापदण्ड बमोजिम आवश्यक सुधार गरी सिकाइ वातावरणमा सुधार ल्याउनु।
- स्थानीय पाठ्यक्रम,पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गर्नु।
- शिक्षकको पेशागत विकास र सहायताको लागि आवश्यक संयन्त्र तयार गरी कार्यान्वयन गर्नु।
- विद्यालयमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु।
- आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्नु ।
- सिकारुको रुचि, क्षमता र आवश्यकतामा आधारित भएर प्रविधिमैत्री शैक्षणिक सहजीकरण गर्नु।
- पोषण स्वास्थ्य र सिकाइमा सुधार गर्न सरोकारवालासँग आवश्यक समन्वय गर्नु।
- सामुदायिक सिकाइ केन्द्रलाई उत्तरदायी बनाउँदै अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु।
- अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण प्रक्रियालाई नियमित र नतिजामुखी बनाउनु।
- ज्ञान, सीप र प्रविधिमा आधारित दक्ष प्राविधिक स्वरोजगारयुत्त जनशक्ति उत्पादनमा जोडदिनु।
- आधारभूत तहहरुमा मातृभाषाको माध्यमबाट शिक्षण सिकाइमा जोड दिनु ।
- बिद्यालयलाई कुनैपनि कारणबाट हुने भय तथा हिंसाबाट मुक्त एवं दुर्व्यवहारमुक्त बनाउनु।

### २.४ रणनीति

✓ हरिपुर नगरपालिकाका सबै वडाहरुमा सबै बालबालिकाका लागि बाल कक्षा व्यवस्थापन गर्न नगरपालिका र वडाले आवश्यक सुबिधा सहितको भर्ना अभियान संचालन गरी नक्साङकनका आधारमा बाल विकास केन्द्र र विद्यालयको व्यवस्थापन गर्ने।

- ✓ राष्ट्रिय न्यूनतम मापदण्ड अनुसार बिद्यालय र बालविकास केन्द्रहरुको उचित व्यवस्थापन गर्ने ।
- ✓ आधारभूत तहको शिक्षा सबैको पहुँचमा पुर्याउन आधारभूत तह अनिवार्य र शैक्षिक सुशासन कायम गर्दै सम्पूर्ण भौतिक पुर्वाधारको विकाश गरी बिद्यालयलाई वालमैत्री, लैंगिकमैत्री, अपाङ्गतामैत्री, प्रविधिमैत्री, पर्यावरणमैत्री बनाउने ।
- ✓ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी प्रभावकारी सुशासन सहितको भौतिक पूर्वाधारयुक्त विद्यालयको व्यवस्थापन गर्ने ।
- ✓ शिक्षकको पेशागत सक्षमताका लागि तालिम, मेन्टोरिङ, कोचिङ, लगायत क्षमता विकासलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिने ।
- ✓ बिद्यालयको प्रभावकारी अनुगमन, सुपरिवेक्षण, निर्देशन तथा मुल्याङकन गरी सुधारात्मक पृष्ठपोषण प्रदान र सहयोग गर्ने ।
- ✓ परम्परागत धार्मिक बिद्यालयको गुणस्तर सुधार एवं स्तरोन्नतिको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयनमा लैजाने ।
- ✓ गुनासो सुनुवाई कार्यविधि २०७४ अनुसार विद्यालयलाई भयरहित, विभेदरहित तथा दुर्व्यवहारमुक्त बनाउने ।
- ✓ विद्यालयको शैक्षिक अवस्थाको सुधार गर्दै तहगत सिकाइ उपलब्धि वृद्धि गर्नका लागि अभिभावकको संलग्नता वृद्धि एवं जवाफदेही बनाउने ।
- ✓ विद्यालयको स्वलेखाजोखा गरी लेखाजोखाको आधारमा सुधार योजना तयार र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- ✓ शिक्षालाई समतामूलक, समावेशी, पहुँचयुक्त बनाउन आवस्यक व्यवस्था मिलाउने ।
- ✓ आपतकालिन महामारी र संकटपूर्ण अवस्थामा वालवालिकाहरुले शिक्षा आर्जन गर्ने अधिकार सुनिश्चितताको लागि वैकल्पिक विधि तथा माध्यमलाई उपयोग गर्ने ।
- ✓ आधारभूत तहहरुमा मातृभाषाको माध्यमबाट शिक्षा र माथिल्ला कक्षाहरुमा मातृभाषा शिक्षण गर्न जनशक्ति, स्रोत सामग्रीहरुको आवश्यक व्यवस्था गर्ने ।
- ✓ सामुदायिक सिकाइ केन्द्र संचालन तथा व्यवस्थापन मापदण्ड २०७८ बमोजिम सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन तथा परिचालन गरी स्थानीय आवश्यकता अनुसार अनौपचारिक, जीवनपर्यन्त र निरन्तर शिक्षाको संचालन र व्यवस्थापन मिलाउने ।
- ✓ विद्यालयको संचालन तथा व्यवस्थापनमा सरोकारवालाहरुलाई जिम्मेवार र जवाफदेही बनाउने ।
- ✓ शिक्षण सिकाई क्रियाकलापमा प्रयोग हुने नविनतम प्रविधिको प्रयोग गर्न व्यवस्थापन र प्रोत्साहन गर्ने ।
- ✓ स्थानीय बिषयवस्तुलाई समेटेर स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गर्ने ।
- ✓ शिक्षकलाई बिषयगत र पुनर्ताजगी तालिम, सूचना प्रविधि, एकिकृत पाठ्यक्रम, पाठ्यक्रम प्रबोधीकरण, पूर्नताजगी लगायत तालिम संचालन गर्न बजेट व्यवस्था र कार्यन्वयन गर्ने ।

- ✓ बिद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रम तथा बिद्यालयमा कक्षागतरुपमा र समुदायमा अभिभावक शिक्षा कक्षा संचालन गर्ने।
- ✓ प्रधानाध्यापकलाई प्रशासनिक क्षमता विकास तालिम संचालन गर्ने।
- ✓ नगरपालिकाका सम्पूर्ण विद्यालयहरुलाई कार्यसम्पादनका आधारमा विद्यालय, प्र अ, शिक्षक कर्मचारी र सम्पूर्ण शिक्षकहरु मध्ये उत्कृष्टलाई प्रोत्साहन कार्यक्रम गरी पुरस्कृत गर्ने । साथै उच्चतम अंक ल्याई उतीर्ण हुने बिद्यार्थीलाई पनि प्रोत्साहनका कार्यक्रम गर्ने।
- ✓ बिद्यालयमा स्वास्थ्य र पोषणको अवस्थालाई गुणस्तरीय र प्रभावकारी बनाउन स्थानीय संयन्त्रलाई परिचालन गरी व्यवस्थापन गर्ने।
- ✓ प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट योग्य जनशक्ति उत्पादनका लागि प्राविधिक शिक्षामा जोड दिने।

## २.५ अपेक्षित उपलब्धी

- बिद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ।
- सबै सामुदायिक विद्यालय, प्राविधिक तथा व्यावसायिक शिक्षामा सीपयुक्त पेसागत दक्ष जनशक्ति कार्यरत रहेको हुनेछ।
- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भई क्रियाकलापमा आधारित शिक्षण र दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमता सहित सृजनशील, सीपयुक्त निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार भएको हुनेछ।
- सक्षम र अभिप्रेरित शिक्षक मार्फत विद्यार्थीको तहगत र बिषयगत औषत सिकाइमा उपलब्धिमा सुधार भएको हुनेछ।
- सबै विद्यालयहरू गुणस्तरीय शिक्षा प्रदान गर्न सक्षम भएका हुनेछन।
- विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुनेछ।
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुगेको हुनेछ।
- विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रबर्द्धन भएको हुनेछ।
- परम्परागत धार्मिक बिद्यालयहरुको स्तरोन्नति भई गुणस्तरीय शिक्षा प्रदान भएको हुनेछ।
- अनिवार्य तथा निशुल्क शिक्षाको कार्यान्वयन भई खुद भर्ना तथा टिकाउदरमा वृद्धि भएको हुनेछ।
- सबै विद्यालयले तहगतरुपमा आधारभूत मापदण्ड पुरा गरी शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ।

- स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको निर्माण र कार्यान्वयन भई समसामयिक रुपमा शिक्षाको स्थानीयकरण र आत्मनिर्भरमुखी जनशक्ति तयार भएका हुनेछन।
- बिद्यालय शिक्षाको सबै तहमा भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार भएको हुनेछ।
- सबै विद्यालयहरू प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुनेछ।
- पाठ्यक्रममा आधारित शिक्षण सिकाइ अबलम्वन हुनेछ साथै निरन्तर बिद्यार्थी मूल्याङ्कनका आधारमा उपचारात्मक बिधिलाई प्रभावकारी कार्यान्वयनमा ल्याइएको हुनेछ।

## २.६ मुख्य कार्यसम्पादन सुचकहरु तथा लक्ष्य निर्धारण

| मुख्य कार्यसम्पादन सुचक | | | आधार वर्ष आ ब २०८१/८२ | आ ब २०८२/८३ | आ ब २०८३ /८४ | आ ब २०८४ /८५ | आ ब २०८५ /८६ | आ ब २०८६ /८७ |
|---|---|---|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | ७१.६ | ९०.० | ९५.० | १००.० | १००.० | १००.० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ८९.९ | ९४.० | ९८.० | १००.० | १००.० | १००.० |
| १.३ | | न्यूनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ८८ | ९० | ९४ | ९५ | ९७ | ९८ |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ | ७३.४ | ७६.० | ७९.० | ८२.० | ८५.० | ८८.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | भर्ना भएका बालबालिका* (%) | | | | | | |
| २.१ | आधारभुत तह | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.२ | ९८.० | १००.० | १००.० | १००.० | १००.० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १२७.४ | १२२.० | ११७.० | ११३.० | १०९.० | १००.० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | ९५.२ | ९६.० | ९७.० | ९८.० | ९९.० | १००.० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | १२९.५ | १२४.० | ११९.० | ११४.० | १०९.० | १०४.० |
| २.५ | | आधारभूत तह कक्षा ६-८ मा खुद भर्ना दर* (%) | ८८.२ | ९०.० | ९२.० | ९४.० | ९६.० | ९८.० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | ९७.३ | ९८.० | ९८.० | १००.० | १००.० | १००.० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | ९३.० | ९४.० | ९५.० | ९६.० | ९७.० | ९८.० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११९.१ | ११६.० | ११३.० | ११०.० | १०७.० | १०४.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २.९ | | आधारभूततह (कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | छात्रा- ४७.०३<br>छात्र- ५५.९७ | छात्रा- ४४.४९<br>छात्र- ५५.५१ | | | | |
| २.१० | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | ८६.९ | ८८.० | ९०.० | ९२.० | ९४.० | ९६.० |
| २.११ | | आधारभूततहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | ८६ | ८७ | ८८ | ९० | ९२ | ९५ |
| २.१२ | | विद्यालय वाहिर रहेका बालबालिका कक्षा १-८ | | | | | | |
| ३.१ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ७३.३ | ७६.० | ७९.० | ८२.० | ८५.० | ८८.० |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | ८६.३ | ८८.० | ९०.० | ९२.० | ९४.० | ९६.० |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | २३.९ | २७.० | ३१.० | ३५.० | ३९.० | ४३.० |
| ३.४ | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | ४५.४ | ४९.० | ५३.० | ५७.० | ६१.० | ६५.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ४७.२ | ५८.० | ६५.० | - | - | - |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | ६४.८ | ६७.० | ७०.० | ७३.० | ७६.० | ७९.० |
| ३.७ | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | | | | | | |
| | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पूरा गर्ने दर*(%) | | | | | | |
| ३.८ | | कक्षा १ माभर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | | | | | | |
| ३.९ | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | छात्रा- ५३.६३<br>छात्र- ४६.३७ | छात्रा- ५३<br>छात्र- ४७ | | | | |
| ७.० | **स्थानीयतहमा शिक्षाको बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | ३.५६ | ३.६ | ३.७ | ४.० | ४.५ | ५.० |
| ८.१ | | आधारभूत तह (कक्षा१-८) | ७.७ | ७.५ | ७.० | ६.५ | ६.० | ५.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८.२ | **छोड्नेदर** | माध्यमिकतह (कक्षा ९-१०) | ०.६१ | ०.६० | ०.५ | ०.४ | ०.३ | ०.३ |
| ९.१ | **दोर्याउनेदर** | आधारभूत तह (कक्षा १-८) | ३.७९ | ३.७० | ३.५ | ३.० | २.५ | २.० |
| ९.२ | | माध्यमिकतह (कक्षा ९-१०) | ८.४९ | ८.० | ७.५ | ७.० | ६.० | ५.० |
| १०.१ | **सिकाइउपलब्धी दर** | कक्षा ८ मा ३.२ बाट ३.६ ग्रेड ल्याउने % | ४.१७ | ४.२ | ४.५ | ५.० | ५.५ | ६.० |
| १०.२ | | कक्षा ८ मा ३.६ बाट ४.० ग्रेड ल्याउने % | ०.५९ | ०.६ | ०.७ | ०.८ | ०.९ | १.० |

# परिच्छेद ३ : विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१ प्रारम्भिक बाल विकास तथा शिक्षा

नेपालको संविधान २०७२ को धारा ३१ शिक्षा सम्बन्धी हक र धारा ३९ बालबालिकाको हकमा प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक उल्लेख गरिएकोछ । साथै शिक्षा ऐन २०२८ को पछिल्लो संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षा कै अंगको रूपमा मान्यता दिएको छ। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति, २०७७-२०८८ तयार भएको छ भने प्रारम्भिक बालविकास केन्द्र न्यूनतम राष्ट्रिय मापदण्ड २०७५ प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ र प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड तयार भई कार्यान्वयनमा रहेकोछ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ। प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने व्यवस्था रहेकोछ। निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५, राष्ट्रिय शिक्षा नीति २०७६ र सोह्रौं आवधिक योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षाको बारेमा समेटिएकोछ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु स्थानीय सरकारको दायित्व भित्र पर्दछ। यसै कुरालाई मध्यनजर गरेर हरिपुर नगरपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास शिक्षालाई व्यवस्थित र गुणस्तरीय बनाउने प्रयास स्वरुप कार्यक्रमहरू समावेश गरिएकोछ।

### ३.१.१ वर्तमान अवस्था

हरिपुर नगरपालिकामा हाल सामुदायिक विद्यालयमा आधारित २० वटा प्रारम्भिक बाल विकास केन्द्रहरु संचालनमा रहेका छन्। प्रारम्भिक बाल विकासमा शैक्षिक सत्र २०८१ मा बालक ३७९ र बालिका ४१० गरी जम्मा ७८९ जना बालबालिका अध्ययनरत रहेकाछन्। प्रारम्भिक बाल विकासको को कूल भर्नादर ७१.६ प्रतिशत रहेको छ भने खुद भर्नादर ८९.९ प्रतिशत रहेकोछ। प्रारम्भिक बालविकासको अनुभव हासिल गरेर कक्षा १ मा भर्ना हुने बालबालिका ७३.४ प्रतिशत रहेकोछ। प्रारम्भिक बालविकासलाई पहुँचयोग्य र समावेशी बनाउन नगरपालिकाले संघीय अनुदान अनुरुप उपलब्ध हुने बजेटको वास्तविक कार्यान्वयनमा सहयोग गर्दै बालकक्षा शिक्षकको क्षमता अभिवृद्धि लगायत भौतिक पूर्वाधार विकास र अभिभावक सचेतनाका कार्यक्रमहरुमा सहयोग गरिरहेको छ । अधिकांश प्रारम्भिक बालविकास केन्द्रहरुमा न्यूनतम् मापदण्ड अनुसार भौतिक तथा शैक्षिक प्रबन्ध भएपनि सबै बाल विकास केन्द्रहरु न्यूनतम मापदण्ड अनुसार व्यवस्थापन हुन सकेको छैन। प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाको सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न देहायनुसारका चुनौति तथा समस्याहरु रहेकाछन्।

- प्रारम्भिक बाल बिकास केन्द्रमा मापदण्ड बमोजिमको योग्यता र तालिम प्राप्त बालकक्षा शिक्षकको ब्यबस्था गर्नु,
- सबै प्रारम्भिक बाल बिकास केन्द्रलाई न्यूनतम् मापदण्ड बमोजिम गुणस्तर कायम र कार्यान्वयन गर्नु।

- पाठ्यक्रम अनुसार कक्षा क्रियाकलाप संचालन गर्नु ।
- बाल विकास र सिकाइको बारेमा अभिभावकलाई सचेतीकरण गर्नु ।

### ३.१.२ उद्देश्य

- प्रारम्भिक बाल विकास केन्द्रका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बाल बिकास तथा शिक्षामा पहुँच सहभागिताको सुनिश्चितता गर्नु ।
- प्रारम्भिक बाल विकास ४८ देखि ६० महिना उमेरका सबै बालवालिकालाई प्रारम्भिक बाल बिकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।
- बाल विकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।
- प्रारम्भिक बाल विकास केन्द्रको पाठ्यक्रम २०७७ लाई पूर्ण रुपमा कार्यान्वयन गरी शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक, नैतिक सृजनात्मक पक्षको विकास गराई कक्षा १ मा प्रवेशका लागि तयार गराउनु ।
- ४८ देखि ६० महिना उमेर समुहका बालबालिकालाई पोषण, सुरक्षा र विकासका लागि अभिभावकहरूलाई सहयोग र सचेत गराउनु ।
- सबै प्रारम्भिक बाल विकास केन्द्रलाई पहुँचयुक्त, समावेशी सिकारुमैत्री, आधुनिक शैक्षणिक प्रबिधियुक्त बनाई गुणस्तर कायम गर्नु ।
- बाल कक्षा शिक्षकको क्षमता अभिवृद्धि एवं अभिभावक र सरोकारवालाहरुको लागि सचेतना कार्यक्रम संचालन गर्नु ।

### ३.१.३ रणनीति

- प्रारम्भिक बाल विकास केन्द्रलाई निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्थालाई ध्यान दिई खेल तथा सिकाई सामाग्री, अडियो भिडीयो सामाग्री तथा प्रविधियुक्त सहितको कक्षाकोठा व्यवस्थापन गर्ने ।
- प्रत्येक वडामा आवश्यक पूर्वाधार र उपयुक्त सिकाइ सामग्री सहितको एउटा नमूना बाल बिकास केन्द्रको रुपमा विकास गर्ने ।
- पालिका स्तरीय बाल बिकास केन्द्र सञ्जाल गठन गर्ने ।
- बालबालिकाको सङ्ख्या, दुरी तथा आवश्यकताको आधारमा नक्शाङ्कन गरी केन्द्रहरुको समायोजन तथा थप केन्द्र स्थापना गर्ने ।
- पाठ्यक्रमको कार्यान्वयनलाई अनिवार्य गरी सो बमोजिम सिकाई सहजीकरण गर्ने ।
- सबै ४८ देखि ६० महिना उमेर समुहका बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना गरी विद्यालयमा आउने बानीको बिकासका साथै सरसफाई रहने र सिकाइको लागि उपयुत्त वातावरण तयार गर्ने ।
- प्रारम्भिक बाल विकास केन्द्रका बालकक्षा शिक्षकहरुको क्षमता विकास सँगै प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- सबै प्रारम्भिक बाल विकास केन्द्रहरुलाई क्रमशः बालमैत्री, अपांगतामैत्री बनाउँदै प्रविधियुक्त र पहुँचयोग्य बनाउने।
- पालिकाको शैक्षिक क्यालेण्डरसँग प्रारम्भिक बालविकास केद्रको पाठ्यक्रम र दैनिक कार्यतालिकालाई समायोजन गरि व्यवहारिक कार्यान्वयन र सिकाइलाई गुणस्तरीय बनाउने।
- वाल विकास केन्द्रको नियमित अनुगमन तथा समीक्षा वैठक सञ्चालन गर्ने।
- बाल कक्षा शिक्षकहरुबीच सिकाइ आदानप्रदानको लागि समय सापेक्ष घुम्ती सिकाइ बैठकहरु संचालन गर्ने।
- अभिभावक र समुदायको सहभागितामा स्थानीय स्तरमा उपलब्ध हुने सामग्रीहरु संकलन गरी सिकाइ सामग्री निर्माण, प्रयोग र व्यवस्थापन गर्न सहजीकरण गर्ने।

### ३.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धि**

सबै बालबालिका पहुँचयुक्त, सहभागितामूलक र गुणस्तरीय सिकाइ वातावरणमा शिक्षाको अवसर सुनिश्चित हुने।

**प्रमुख नतिजाहरु**

- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सरसफाइ, हेरचाह, चौतर्फी विकास र उमेरगत सिकाइमा अभिभावक र समुदाय जिम्मेवार भएका हुनेछन्।
- प्रारम्भिक वाल विकास उमेरका सबै वालवालिकाहरुलाई प्रारम्भिक वालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर वृद्धि भएको हुनेछ।
- सबै सामुदायिक तथा परम्परागत धार्मिक विद्यालयहरुमा आवश्यकताका आधारमा प्रारम्भिक वाल विकास केन्द्र सञ्चालन भएका हुनेछन्।
- प्रारम्भिक बाल विकास केन्द्रहरु राष्ट्रिय न्यूनतम मापदण्ड पुरा गरी व्यवस्थापन भएका हुनेछन्।
- बाल विकास कक्षाहरु बालमैत्री, अपांगतामैत्री, प्रविधिमैत्री र बालमनोविज्ञान अनुरुप विकास र सिकाइमा सहयोग पुग्नेखालका मनोरन्जनात्मक खेल सामग्रीयुक्त भएका हुनेछन।
- सबै प्रारम्भिक वाल विकास केन्द्रका बालकक्षा शिक्षकहरु मण्टेश्वरीमा आधारित तालिम प्राप्त हुनेछन्।
- अभिभावक तथा समुदायका सरोकारवालाहरु अभिभावक कक्षाहरुमा सामेल हुनेछन र बाल विकास केन्द्र व्यवस्थापन तथा बालबालिकाको सिकाइमा जिम्मेवार भएका हुनेछन।

### ३.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान तथा घरदैलो कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | विद्यालय |
| २ | कक्षागत अभिभावक शिक्षा र सचेतना कार्यक्रम सञ्चालन गर्ने। | त्रैमासिक | ३ | ३ | ३ | ३ | ३ | १५ | विद्यालय/ कक्षा शिक्षक |
| ३ | बालबालिकाको लागि ECD Kit, सिकाइ सामग्री र खेल सामग्रीहरु सहयोग गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह/ बिद्यालय |
| ४ | न्यूनतम मापदण्ड सहितको वाल विकास केन्द्रको व्यवस्थापन | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह/प्रदेश |
| ५ | बाल विकास केन्द्र व्यवस्थापन र न्यूनतम मापदण्ड सम्बन्धमा बिव्यस र शिअसंघलाई अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह/ बिद्यालय |
| ६ | सिकाइ सामग्री निर्माण कार्यशाला संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ७ | बाल कक्षा शिक्षकको लागि तालिम र मेन्टोरिङ | पटक | २ | २ | २ | २ | २ | १० | स्थानीय तह |
| ८ | प्रत्येक वडामा एक नमुना वाल विकास केन्द्र स्थापना | संख्या | १ | २ | २ | २ | २ | ९ | स्थानीय तह/प्रदेश |
| ९ | वाल विकास केन्द्रमा अपाङ्गतामैत्री पूर्वाधार निर्माण | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह/प्रदेश |
| १० | वडागत बाल कक्षा शिक्षक घुम्ती बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह/ बिद्यालय |
| ११ | प्रविधिमैत्री सिकाइ सामग्री वितरण र व्यवस्थापन | संख्या | ४ | ४ | ४ | ४ | ४ | २० | स्थानीय तह/प्रदेश |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपाल सरकारले आधारभूत तहको शिक्षालाइ शिक्षा ऐन २०२८ अनुसार “आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनि परिभाषित गरिएकोछ। आधारभूत तहमा अध्ययन गर्ने वालवालिकाको उमेर समूह ४ वर्ष देखि १३ वर्ष सम्म रहेकोछ। साविक प्राथमिक र नि.मा. तहलाइ एकिकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ र ३९ मा मौलिक हक अन्तर्गत राखिएको छ। आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरिवी हटाउन जोड दिनुका साथै व्यक्तिको जीवनस्तर उकास्नमा टेवा पुर्याउन सक्ने भएकोले समाज र राष्ट्रलाई अगाडी बढ्नमा सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरुले देखाएका छन्। नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिएकोछ संविधानमा उल्लेख भएका प्रावधानहरुले सम्पूर्ण वालवालिकालाई वालमैत्री, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न तीनै तहका सरकारहरु जिम्मेवार रहनुपर्ने प्रावधान रहेकोछ।

आधारभूत तहको शिक्षा अध्ययन पश्चात् यसको महत्वलाई दृष्टिगत गर्दै यसलाई गुणस्तरीय योजनाबद्ध रुपमा व्यवस्थित गर्नका लागि यस हरिपुर नगरपालिकाले ५ वर्षे योजनामा आधारभूत शिक्षा अन्तर्गत प्रारम्भिक बाल कक्षा देखि कक्षा ८ सम्मको शिक्षामा पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धि गर्ने रणनीतिका साथ बालमैत्री, अपाङ्गतामैत्री, र प्रविधिमैत्री व्यवस्थापन गर्ने, विद्यालयका सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता अभिवृद्धि गरी शिक्षालाइ जीवन उपयोगी बनाउँदै आधारभूत तहमा देखिएका समस्या तथा चुनौतिहरु पहिचान गरि आगामी ५ वर्षका लागि आधारभूत तहको शिक्षा विकासका लक्ष्य उद्देश्यहरु, रणनिति, नतिजा र प्रमुख क्रियाकलापहरु उल्लेख गरिएकोछ।

### ३.२.२ वर्तमान अवस्था

यस हरिपुर नगरपालिकामा सामुदायिक बिद्यालयको संख्या १५ वटा रहेकोछ भने संस्थागत बिद्यालय ७ वटा रहेकाछन्। १५ वटा सामुदायिक बिद्यालयमध्ये ९आधारभूत बिद्यालय रहेकाछन्। शैक्षिक सत्र २०८१ मा कक्षा १ देखि कक्षा ५ सम्म अध्ययनरत छात्राको संख्या २५३६ जना र छात्रको संख्या २१६१ जना गरि जम्मा ४६९७ जना विद्यार्थी रहेका छन् भने कक्षा ६ देखि ८ सम्म जम्मा छात्राको संख्या १११३ र छात्रको संख्या ९३६ गरि कूल विद्यार्थीको संख्या २०४९ जना रहेकोछ। कक्षा ८ सम्मको टिकाउदर ८६.९ प्रतिशत रहेको छ। कक्षा १–५ को उतीर्ण दर ७६.२ प्रतिशत, कक्षा ६–८ को उतीर्ण दर ८२.६ प्रतिशत रहेकोछ। आधारभूत शिक्षाको पहुँचमा आर्थिक, सामाजिक अवस्थामा आधारित असमानताहरु रहेकाछन्। आधारभूत तहमा बिद्यार्थी अनुपातमा शिक्षकको दरबन्दी नहुँदा शिक्षण सिकाइ र सिकाइ उपलब्धि दर अपेक्षित रुपमा बढन सकेको छैन।

### चुनौतीहरु

- आधारभूत तहमा कक्षाहरुलाई पहुँचयुक्त, समावेशी सर्वसुलभ बनाई पूर्वाधारहरुको समुचित ब्यवस्थापन गर्नु,
- विद्यार्थी सङ्ख्याको आधारमा कक्षागत र विषयगत रुपमा दरबन्दी मिलान तथा पुनःवितरण गर्नु,

- बालमैत्री तथा प्रविधिमा आधारित सिकाईको प्रभावकारी कार्यान्वयन गर्नु,
- कक्षा छाड्ने र दोहोर्याउने दर शुन्य बनाई अपेक्षित सिकाई उपलब्धि हाँसिल गर्नु,

**अवसरहरु**

- शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकता दिंदै सुधारका कार्यक्रमहरु सञ्चालन गरिनु,
- आपसी साझेदारीमा लगानी अभिवृद्धि गरी शिक्षा क्षेत्रमा समयानुकुल परिवर्तन गर्न सकिने,
- आधारभूत तहको शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन पूर्वाधारको उचित व्यवस्थापन हुनु,

### ३.२.३ उद्देश्यहरु

- सिकाई सुधारका लागि भौतिक तथा शैक्षिक वातावरणलाई बालमैत्री बनाउनु।
- ५–१२ बर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षामा समतामूलक पहुँच तथा सहभागिताको सुनिश्चितता गर्नु।
- विद्यार्थीहरुको औषत सिकाई उपलव्धिलाई राष्ट्रिय मापदण्ड अनुसार वनाउन उपयुक्त विधिहरुको उपयोग गर्नु।
- शिक्षकलाई समयानुकुल प्रविधिमैत्री बनाउनु।
- बालबालिकाको सिकाइमा अभिभावकको सहभागिता र सहयोग बढाउनु।

### ३.२.४ रणनीतिहरु

- बालबालिकालाई अध्ययनको निरन्तरताका लागि बाल केन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सुरक्षित कक्षा कोठा, बिभेदरहित व्यवहार जस्ता उपायहरुको अवलम्बन गर्ने।
- प्राथमिकताको आधारमा विद्यालयमा आवश्यक न्यूनतम भौतिक पूर्वाधारहरु भवन, शौचालय, खानेपानीको व्यवस्था लगायतका आवश्यक सुविधाहरु सङ्घ प्रदेश र स्थानीय सरकारको साझेदारीमा सुधार गर्दै लैजाने।
- भौतिक निर्माणको कार्यलाई आफ्नो विद्यालय आफैँ बनाऊँ भन्ने नारा तय गर्दै लागत सहभागितालाई प्राथमिकता दिने ।
- सरोकारवालाहरुको सहभागितामा भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर बालबालिका नरहेको घोषणा गर्ने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने ।
- उपचारात्मक शिक्षणको माध्यमबाट कक्षा छाड्ने र दोहोराउने विद्यार्थीहरुको सङ्ख्यालाई क्रमशः न्यूनीकरण गर्दै लैजाने।
- आधारभूत तहको भौतिक, शैक्षिक, सामाजिक वातावरणमा सुधार ल्याई विद्यालयलाई पहुँचयुत्त समावेशी भयरहित र वालमैत्री वनाउने।
- शिक्षकहरुमा सूचना संचार सीपमा क्षमता अभिवृद्धि गर्दै कक्षाकोठालाई प्रविधिमैत्री बनाउने।

- विद्यालय शिक्षालाई विभिन्न प्रकोप, महामारी, संकट लगायतका परिस्थिति प्रति उत्थानशिल वनाउने योजना तयार गरि कार्यान्वयन गर्ने ।
- कक्षा १ देखि ३ सम्मका बालबालिकाहरुका लागि बालमैत्री सिकाई वातावरण निर्माण गर्दै आधारभूत साक्षरता सिप विकासको लागि पढाइ तथा गणितिय सीप केन्द्रित क्रियाकलापहरुलाई उपलब्धिमूलक बनाउने।

### ३.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

अनिवार्य तथा निःशूल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तर अभिवृद्धिको सुनिश्चितता हुने।

#### प्रमुख नतिजाहरु

- आधारभूत शिक्षा पहुँचयुक्त, सहभागितामूलक र समावेशी भएको हुनेछ।
- शिक्षक र बिद्यार्थी अनुपात अनुसार शिक्षक व्यवस्थापन भएको हुनेछ।
- बालबालिका विभिन्न महामारी, रोग, प्रकोप, संकट लगायतका परिस्थितिप्रति सचेत भएका हुनेछन्।
- विद्यालय शिक्षालाई प्रविधिमैत्री वनाउन ICT ल्याव व्यवस्थापन गरि सहज र उपयोगी वनाउने कार्यलाई विस्तार गरिएको हुनेछ।
- विद्यार्थीहरुको सिकाई उपलव्धि राष्ट्रिय मापदण्डमा तोकिए बमोजिम भएको हुनेछ।
- विद्यालयमा शिक्षक तथा कर्मचारीको क्षमता विकास भएको हुनेछ। साथै दक्ष जनशक्तिबाट आधारभूत तहमा गुणस्तरिय शिक्षा सुनिश्चित भएको हुनेछ।
- विद्यालयहरुमा अतिरित्त क्रियाकलाप संचालन गरी बालबालिकाको प्रतिभा प्रष्फुटन भएको हुनेछ।

#### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | जम्मा | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | भर्ना अभियान तथा घरदैलो कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह/ विद्यालय |
| २ | वि.व्य.स, शि.अ.स तथा सरोकारवाला हरुलाई क्षमता विकास तथा अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह/ विद्यालय |
| ३ | शिक्षकको क्षमता विकासको लागि माग र आवश्यकताको आधारमा बिषयगत र तहगत | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह/ विद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा प्रविधिमैत्री तालिम सञ्चालन | | | | | | | | |
| ४ | बिषयगत प्रयोगशाला स्थापना | पटक | १ | १ | १ | १ | १ | १० | स्थानीय तह/प्रदेश |
| ५ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | १० | संघ/प्रदेश/स्थानिय तह |
| ६ | बिद्यार्थी पहिचान र उपचारात्मक शिक्षण सञ्चालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ७ | विधार्थीको सिकाई उपलब्धि परिक्षण र नतिजा विश्लेषण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| ८ | छापामय कक्षा व्यवस्थापन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ९ | सिकाइ सामग्री निर्माण सम्बन्धी कार्यशाला संचालन | पटक | १ | १ | १ | १ | १ | १० | प्रदेश, स्थानीय तह र बिद्यालय |
| १० | विद्यालय स्तरीय तथा पालिका स्तरीय शैक्षिक प्रदर्शनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | १० | प्रदेश, स्थानीय तह र बिद्यालय |
| ११ | कक्षा शिक्षक घुम्ती बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| १२ | कक्षागत अभिभावक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| १२ | बिद्यार्थी प्रतिभा पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १३ | सिकाइमूलक प्रतियोगितात्मक अतिरिक्त क्रियाकलाप संचालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| १४ | अन्तरपालिका तथा अन्तरजिल्ला अध्ययन अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षा निशुल्क प्राप्त गर्ने हक स्थापित गरेकोछ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कातिर शिक्षालाई संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेकोछ । यसरी गुणस्तरीय शिक्षा सुनिश्चितताका लागि संविधानले तीनै तहलाई जिम्मेवार बनाउने स्पष्ट मार्ग निर्देशन गरेकोछ । शिक्षा ऐन २०२८ ले कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रुपमा राखेकोछ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकल पथको हुने व्यवस्था गरेकोछ । यस तहको मुख्य उदेश्य मुलुक र प्रदेशको आवश्यक्त अनुरुप प्रारम्भिक स्तरको दक्ष जनशक्ति उत्पादन गर्नु रहेकोछ ।

यस तहको १५ सिकाइ सक्षमताहरुमा मानवीय मुल्य, मान्यता र लोकतान्त्रिक संस्कार अवलम्बन गर्दै राष्ट्र र राष्ट्रियताको प्रर्बद्धनका लागि सचेत नागरिकको जिम्मेवारी वहन, राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशसँग परिचित भई विविधता, सद्भाव सह–अस्तित्वलाई आत्मसात गर्दै सभ्य, सु–संस्कृत र समतामुलक समाज निर्माणका लागि भूमिका निर्वाह, दैनिक क्रियाकलापका साथै प्राज्ञिक क्षेत्रमा आत्मविश्वासका साथ उपयुक्त, सिर्जनात्मक र सान्दर्भिक रुपमा भाषिक सिपको प्रयोग, प्रभावकारी सिकाइ रचनात्मक र विश्लेषणात्मक सोँच तथा सामाजिक ;सम्पर्क र संचारबाट विचारहरुको आदानप्रदान, व्यक्तिगत विकास र बानीको विकास र आवश्यक्ताको परिपूर्तिका लागि सिकाइप्रति सकारात्मक सोँचको विकास तथा सो अध्ययन एवं ज्ञान र सिपको खोजि गर्ने वानीको विकास, गणितीय समस्या समाधानमा गणितीय अवधारणा, स्वास्थ्यप्रतिको सचेतता सहित वातावरण संरक्षण र सम्बद्धन तथा जनसंख्या व्यवस्थापनमा सक्रिय सहभागिता, प्राकृतिक तथा समाजिक घटनाको विश्लेषण, तीनको कारण र असर बोध तथा सकारात्मक व्यवहार प्रर्दशन र वैज्ञानिक खोज तथा अनुसन्धान गर्न आवश्यक प्राविधिक सिपहरु हासिल गरी आधुनिक प्रविधिहरुको दैनिक जीवनमा प्रयोग, श्रमप्रति सम्मान गर्दै कामको संसारमा आत्मविश्वास साथ तयारी, प्राविधिक ज्ञान, सिप, प्रवृति तथा पेशागत र व्यवस्थापकीय क्षमताको विकास र प्रयोग तथा उच्च तहमा अध्ययनको आधार विकास गर्ने रहेकाछन् ।

१६औं योजनाले माध्यमिक शिक्षामा निशुल्क पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनउपयोगी र प्रविधिमैत्री बनाउँने कुरामा जोड दिएकोछ भने शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निशुल्क पहुँच सुनिश्चित गर्दै उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेकोछ । हरिपुर नगरपालिकाले विगतदेखि नै माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमुलक, निशुल्क, वालमैत्री र समावेशी बनाउँने नीति अख्तियार गरेको छ ।

### *३.३.१ वर्तमान अवस्था*

हरिपुर नगरपालिकामा रहेका १५ वटा सामुदायिक बिद्यालयहरुमध्ये ६ वटा माध्यमिक विद्यालयहरु सञ्चालित छन् । ६ वटा माध्यमिक विद्यालयहरुमध्ये १ वटा बिद्यालय प्राविधिक धार सिभिल ईन्जिनियरिङ संचालनमा रहेकोछ । माध्यमिक बिद्यालयमा पर्याप्त रुपमा स्थायी दरबन्दी छैनन् । यस नगरपालिकाको माध्यमिक तह कक्षा ९ र १० मा जम्मा विद्यार्थी ९६८ जना रहेका छन् जसमा छात्रा ५१६ र छात्र ४५२ रहेका छन् । कक्षा ११ र १२ मा जम्मा विद्यार्थी ६२९ जना रहेका छन् जसमा छात्रा ३९७ र छात्र २३२ रहेका छन् । कक्षा ९–१० को उतीर्ण दर ९०.४ प्रतिशत, कक्षा

११–१२ को उतीर्ण दर ९२.५ प्रतिशत रहेकोछ। माध्यमिक विद्यालयमा हालसम्म पुरा स्वीकृत दरबन्दी नभएकोले कक्षा सञ्चालनमा समस्या सिर्जना भएकोछ जसको कारणले गर्दा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नमा समस्या देखिएको छ। शिक्षाको पहुँचमा आर्थिक, सामाजिक, भौगोलिक अवस्थामा आधारित असमानताहरु रहेका छन्।

### चुनौतीहरु

- माध्यामिक तहमा प्राविधिक र व्यवसायिक शिक्षालाई बिस्तार गरी व्यवस्थित गर्नु।
- विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्तिको व्यवस्था गर्नु।
- माध्यमिक तहसम्मको शिक्षा पूर्ण रुपमा निशुल्क गर्नु।
- बिद्यार्थीहरुको औषत सिकाइ उपलब्धि वृद्धि गर्नु।
- सूचना तथा संचार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गर्नु।

### ३.३.२ उद्देश्यहरु

- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु।
- माध्यमिक तहका शिक्षकहरुलाई पेशागत क्षमता विकास गरी शिक्षण सिकाइ गुणस्तरिय बनाउनु।
- माध्यमिक तहमा गुणस्तरिय शिक्षा प्रदान गर्न पुस्तकालय, बिषयगत प्रयोगशाला तथा विषयगत शिक्षकको व्यवस्था गर्नु र शिक्षण सिकाइलाइ प्रविधी मैत्रि बनाउनु।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
- पालिकास्तरीय र बिद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अतिरिक्त क्रियाकलापहरु संचालन गरी अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउनु।
- माध्यामिक शिक्षाको शिक्षणविधिलाई व्यावहारीक, अनुसन्धानात्मक, सिकाइमैत्री तथा दण्ड र भयरहित वातावरणद्वारा गुणस्तरीय शिक्षा प्रदान गर्दै प्रर्तिस्पर्धी तथा उच्चशिक्षा हासिल गर्न योग्य बनाउनु।

### ३.३.३ रणनीतिहरु

- माध्यमिक तहमा साधारण धारसँगसँगै प्राविधिक तथा व्यवसायिक धारलाई समेत सञ्चालन तथा विस्तार गर्दै लाने।
- वाल केन्द्रित शिक्षण, वालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी विच सुमधुर सम्बन्ध कायम गरी सम्मानपूर्ण र विभेदरहित व्यवहारहरुको अवलम्बन गर्ने।

- सरोकारवालाहरुको अर्थपूर्ण सहभागितामा भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर वालवालिकाहरुको संख्यालाई शुन्यमा झार्ने ।
- जोखिममा परेका, अल्पसंख्यक तथा सिमान्तकृत समुदायका बालबालिकाको सिकाइ आवश्यक्ताका आधारमा सहयोगका कार्यक्रमहरु सञ्चालन गर्ने।
- स्थानीय तहका सरोकारवालासँग आवश्यक परामर्श र सहकार्य गरि विद्यालय शिक्षालाई प्रकोप, संकट महामारी लगायतका परिस्थितिप्रति उत्थानशिल वनाउने योजना तयार गरि कार्यान्वयन गर्ने।
- माध्यमिक विद्यालय शिक्षादेखि नै विज्ञान प्रविधि, ईन्जिनियरिङ्ग, कला र गणित शिक्षा जस्ता विषयहरुको सिकाईलाई अन्तरसम्वन्धित गर्दै लैजाने।
- पालिकास्तरीय र बिद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अतिरिक्त क्रियाकलापहरु संचालन गरी अन्तरनिहित प्रतिभा प्रष्फुटन गराउने वातावरण सिर्जना गर्ने।
- बालबालिकाको बिद्यालयमा सहज पहुँचको लागि वडागत रुपमा यातायातको व्यवस्थापन गर्ने।
- बालबालिकाको शिक्षण सिकाइलाई बालबालिकाकै सहभागितामा गुणस्तरीय र प्रभावकारी बनाउन बालक्लब, जुनियर रेडक्रस, स्काउट लगायत बिद्यालयसँग सम्बन्धित क्लबहरु गठन र परिचालन गर्ने।
- सिकाइ मूल्याङ्कन, मौजुदा शिक्षक विद्यार्थी संख्याको आधारमा विषयगत दरबन्दी मिलान गर्ने।
- शिक्षक डायरी छपाइ तथा वितरण गर्ने।
- विपद सम्बन्धी सचेतना एवं कृत्रिम घटनाको अभ्यास गर्ने।
- बिद्यार्थीको सिकाइलाई थप सहयोगको लागि अतिरिक्त कक्षा सञ्चालन गर्ने।
- बिद्यालयस्तरमा र पालिकास्तरमा बिषयगत सिकाइ सामग्री निर्माण तथा सिकाइ मेला प्रदर्शनी सञ्चालन गर्ने।
- बिद्यालयमा बिषयगत प्रयोगशाला, पुस्तकालयका साथै कम्प्युटर प्रयोगशालालाई व्यवस्थित गर्ने।

### *३.३.४ उपलब्धी*

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई गुणस्तरमा सुधार हुने।

**नतिजाः**

- सबै माध्यमिक विद्यालयबाट सीपयुक्त दक्ष प्राविधिक तथा स्वरोजगारयुक्त जनशक्ति तयार हुनेछ।
- शिक्षक तथा बिद्यार्थी सूचना तथा प्रविधि प्रयोगमा अभ्यस्त भई निरन्तर रुपमा शिक्षण सिकाइ क्रियाकलापमा जोडिनेछन्।
- निशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना दर तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र कक्षा दोहोर्याउने दरमा कमि आउनेछ।

- विद्यालय शिक्षामा प्रविधीको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाई वातावरणको निर्माण भएको हुनेछ ।
- माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरि गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुनेछ ।
- पालिकास्तरीय र बिद्यालयस्तरीय खेलकुद प्रतियोगिता र अतिरिक्त क्रियाकलापहरु संचालन गरी अन्तरनिहित प्रतिभा प्रष्फुटन भएको हुनेछ ।
- बालबालिकाको सिकाइप्रति अभिभावकलाई जवाफदेही बनाउँदै नतिजा विश्लेषण कार्यशाला सञ्चालन गरिनेछ साथै बालबालिकाको सिकाइ उपलब्धिस्तर बढेको हुनेछ ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य | | | | | भौतिक लक्ष्य ५ बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षकहरुको लागि तहगत र बिषयगत तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| २ | बिद्यालयहरुमा प्रविधिमैत्री सामग्री जस्तै स्मार्ट बोर्ड, प्रोजेक्टर, कम्प्युटर लगायत आवश्यक डिजिटल डिभाइसहरु को व्यवस्थापन | बिद्यालय | १ | १ | १ | १ | २ | ६ | संघ, प्रदेश र स्थानीय तह |
| ३ | पढदै कमाउँदै कार्यक्रम संचालन र बिस्तार | बिद्यालय | १ | १ | १ | १ | २ | ६ | संघ, प्रदेश र स्थानीय तह |
| ४ | सिकाइ आदानप्रदान सम्बन्धी बिषयगत शिक्षक घुम्ती बैठक संचालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| ५ | शैक्षिक प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ६ | बिषयगत प्रयोगशाला व्यवस्थापन | बिद्यालय | १ | १ | १ | १ | २ | ६ | संघ, प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | परियोजना कार्यको रुपमा बिद्यार्थी मार्फत अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश र स्थानीय तह |
| ८ | विपद सम्बन्धी सचेतना तथा कृत्रिम घटना अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ९ | विधार्थीको सिकाई उपलब्धि परीक्षण र नतिजा विश्लेषण | पटक | ३ | ३ | ३ | ३ | ३ | ३० | स्थानीय तह र बिद्यालय |
| १० | बालक्लबको अगुवाईमा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ११ | बिद्यार्थीहरुको लागि क्यरियर काउन्सिलिङ सम्बन्धी परामर्श कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १२ | सिकाइ सामग्री निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १२ | शिक्षक अभिभावक र बिद्यार्थी त्रिपक्षीय अन्तरक्रिया | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| १३ | टोलस्तरीय पढाइ⁄होमवर्क क्लब संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १४ | स्थानीय सीपयुक्त व्यक्तिलाइ श्रोत शिक्षकको रुपमा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १५ | बिद्यार्थीको सिकाइलाई सहयोग गर्नको लागि थप अतिरिक्त कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विकास र विस्तारको क्रममा २०३७ सालमा प्राविधिक तथा व्यवसायिक ज्ञान सीप आधुनिक तवरले प्रदान गरी दक्ष जनशक्ति उत्पादन गर्ने हेतुले प्राविधिक शिक्षालयको सञ्चालन भयो । प्राविधिक शिक्षालय सञ्चालन भएको करिब एक दशकपछि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको विकास विस्तारविना देशको आर्थिक तथा सामाजिक उन्नति हुन नसक्ने महसुस गरी २०४५ सालमा सरकारी स्वामित्वमा रहने गरी राष्ट्रियस्तरमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को स्थापना भयो । राज्यको पहुँचबाट वञ्चित वर्गहरुलाई मध्यनजर राखी प्राविधिक शिक्षा र सीपमूलक व्यवसायिक तालिमबाट मात्र आर्थिक तथा सामाजिक

उन्नतिमा टेवा पुग्ने उदेश्यले २०५० सालदेखि निजीस्तरमा पनि प्राविधिक शिक्षा तथा सीपमूलक व्यवसायिक तालिम सञ्चालन गर्न गराउनका लागि परिषद बाट सम्बन्धन दिने कार्य थालनी भयो।

शिक्षा ऐन २०२८ को नवौँ संशोधन र उच्चस्तरीय शिक्षा आयोगको प्रतिवेदन २०७५ मा पनि प्राविधिक तथा व्यवसायिक शिक्षालाई प्राथमिकता दिई प्राविधक धार तर्फ ७० प्रतिशत र साधरण धार तर्फ ३० प्रतिशत बिद्यालयहरु संचालन गरिनुपर्ने कुरा महत्वका साथ उठाईएकोछ।

### *३.४.१ वर्तमान अवस्था*

यस हरिपुर नगरपालिका अन्तर्गत रहेका ६ वटा माध्यमिक बिद्यालयहरु मध्ये श्री महावीर जनता माध्यमिक विद्यालयमा प्राविधिक धार अन्तर्गत सिभिल ईन्जिनियरिङ बिषयको कक्षा सञ्चालन भइ रहेकोछ । यस नगरपालिकाभित्र रहेका अन्य विद्यालयमा प्राविधिक तथा व्यवसायिक धारका कक्षाहरु सञ्चालन गर्न सकिएको छैन। यसको मुख्य कारण प्राविधिक दक्ष जनशत्तिको अभाव तथा व्यवस्थित र सुविधाजनक भौतिक व्यवस्थापनको समस्या रहेको देखिन्छ। तथापि विश्ववजारको माग र प्रतिस्पर्धात्मक युग भएको हुँदा हरेक माध्यमिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा उपलव्ध गराउन अपरिहार्य रहेकोछ । हालसम्म यस नगरपालिकामा उत्पादित प्राविधिक जनशक्तिहरुको अवस्था र लाभान्वित आँकडाका साथै प्राविधिक शिक्षा कार्यक्रमको महत्वबारे सही तरिकाबाट अनुसन्धान हुन नसकिरहेको अवस्थामा भविष्यमा हुने कार्यक्रमको महत्वबारे यकिन गर्न नसकिएको अवस्था पनिछ।

### *३.४.२ चुनौती तथा अवसरहरु*

**चुनौतीहरु**

- नगरपालिकाभित्रका प्राविधिक शिक्षालयहरुमा भौगोलिक, आर्थिक र सामाजिक कारणले प्राविधिक शिक्षा एवं सीपमूलक व्यावसायिक तालिमको पहुँचबाट वञ्चित वर्गलाई समावेश गर्नु।
- प्राविधिक तथा व्यवसायिक शिक्षा सम्बन्धी तथ्याङ्कलाई आधिकारिक समयसापेक्ष अद्यावधिक गर्नु।
- नगरपालिकाको सम्भाव्यता अध्ययन, कार्यक्रमको प्रकृति, भौतिक एवं शैक्षिक सामग्रीका साथै मानवीय संसाधनको उचित व्यवस्थापन गर्नु।
- प्राविधिक शिक्षालयहरुमा कार्यरत प्रशिक्षकहरुको प्रशिक्षण सम्बन्धी तालिमको प्रभावकारी व्यवस्थापन गर्नु।
- अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी बनाउनु।
- प्राविधिक शिक्षा अध्ययनका लागि सञ्चालित संकाय र बिद्यार्थीको रुचि तथा क्षमता अनुसार सामञ्जस्यता कायम गर्नु।

### अवसर

- नगरपालिका भित्रका प्राविधिक शिक्षा अन्तर्गत अल्पकालीन र दीर्घकालीन सीपमूलक देहाय अनुसारका कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था रहेकोछ।
    - इलेक्ट्रिकल वाइरिङ
    - प्लम्बिङ
    - अटोमोबाइल
    - होटेल मेनेजमेन्ट
    - आधुनिक कृषि तालिम
    - स्थानीय स्तरमा उत्पादित कच्चा सामग्रीबाट हस्तकलाका सामग्रीहरु उत्पादन
    - फोटोग्राफी डिजाइनिङ
    - बेकरी
    - सिलाई कटाइ

### ३.४.३ उद्देश्यहरु

- पालिकाको आवश्यकतालाई पहिचान गरी समयसापेक्ष प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउनु।
- संचालनमा रहेका प्राविधक शिक्षालयहरुलाई सूचना प्रविधिमैत्री भौतिक पूर्वाधारको व्यवस्थापन गर्नु।
- प्राविधिक शिक्षालयहरुमा कार्यरत प्रशिक्षकहरुको प्रशिक्षण प्रभावकारी बनाउनु।
- प्राविधिक शिक्षाको आवश्यकता र महत्व बारे जनचेतनामूलक कार्यक्रम गर्नु।
- आवश्यकताका आधारमा प्राविधक बिषयलाई थप बिस्तार गरी व्यवस्थापन गर्नु।

### ३.४.४ रणनीतिहरु

- प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमका कार्यक्रमहरु बिद्यार्थी केन्द्रित गरिनेछ।
- श्रम बजारको आवश्यकता पूरा हुने र बिद्यार्थीको आकर्षण हुने पेसा सम्बन्धी कार्यक्रम संचालन गर्ने ।
- स्थानीय आवश्यकता अनुसार प्राविधिक तथा व्यवसायिक शिक्षाका कार्यक्रमहरु परिमार्जन र बिस्तार गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षालाई सर्वसुलभ र पहुँचयोग्य बनाउने।
- शिक्षाको गुणस्तर सुधारमा शिक्षक तथा प्रशिक्षकलाई जवाफदेही बनाउने।
- आधारभूत तथा पुनर्ताजगी तालिम संचालन गरी शिक्षक तथा प्रशिक्षकको क्षमता अभिवृद्दि गर्ने ।
- हरेक वडामा एक एकवटा छात्रावास सहितको प्राविधिकधारका बिद्यालय संचालन गर्दै लैजाने ।

- प्राविधिक तथा व्यवसायिक शिक्षाको बारेमा स्थानीय सरोकारवालाहरुलाई सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने।
- प्राविधिक तथा व्यवसायिक शिक्षामा कार्यरत प्रशिक्षकहरुको सेवा सुविधाको सुनिश्चितता गर्ने ।
- प्राविधिक शिक्षालयहरुको शैक्षिक, भौतिक तथा आर्थिक पक्षहरु चुस्तदुरुस्त र पारदर्शी बनाउने।
- प्रत्येक शैक्षिक सत्रको अन्त्यमा स्वमूल्यांकन गरेर सुधार गर्नुपर्ने पक्षहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र शिक्षक कर्मचारीहरुको सहभागितालाई अर्थपूर्ण बनाउँदै जिम्मेवार र जबाफदेही बनाउने।
- प्राविधिक शिक्षा तथा तालिम परिषद र अन्य सम्बद्ध निकायहरुसँग समन्वय र सहकार्य गरी सुधारका कार्यहरु गर्ने ।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

#### उपलब्धि

- सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको प्राविधिक तथा व्यवसायिक शिक्षा अध्ययन गर्ने अवसरको सुनिश्चितता गरी आत्मनिर्भर दक्ष तथा सीपयुक्त जनशक्ति तयार भएको हुने।

#### अपेक्षित नतिजाहरु

- बिद्यार्थीहरुलाई समय सापेक्ष शैक्षिक कार्यक्रम छनौट गर्ने अवसर प्राप्त भएको हुनेछ।
- भौगोलिक क्षेत्र एवं समुदायको आवश्यकतालाई पहिचान गरी प्राविधिक शिक्षाको विस्तार भएको हुनेछ।
- प्राविधिक शिक्षालयहरुमा कार्यरत प्रशिक्षकहरुको प्रशिक्षण सम्बन्धी तालिमको प्रभावकारी व्यवस्थापन भएको हुनेछ।
- पालिकाका सबै वडामा प्राविधिक शिक्षाको आवश्यकता र महत्व बारे जनचेतनामूलक कार्यक्रम संचालन भएको हुनेछ।
- प्राविधिक शिक्षाका लागि छुट्याइएको रकम तथा अनुदान सम्वन्धित निकायबाट नियमन गरी आवश्यकता अनुसार श्रोत व्यवस्थापन भएको हुनेछ।

### *प्रमुख क्रियाकलाप तथा लक्ष्य*

### प्राविधिक तथा व्यवसायिक शिक्षाका प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिममा भर्ना हुन चाहने विद्यार्थीको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटावेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| २ | थप बिद्यालयहरुमा प्राविधिक धार सञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | २ | संघ, प्रदेश , स्थानीय तह |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षाको सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश, स्थानीय तह र विद्यालय |
| ४ | सञ्चालित अवस्थामा रहेको प्राविधिक धारको सुदृढिकरण र स्तरोन्नति | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश, स्थानीय तह र विद्यालय |
| ५ | प्राविधिक धारमा अध्ययनरत बिद्यार्थीहरुबाट सिकाइ सामग्री प्रदर्शनी | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### *३.५.१ परिचय*

मानिसको सिकाइका माध्यमहरु फरक फरक हुन्छन् । मानिस जन्मिएपछि नमरुन्जेल सम्म अनौपचारिक अनियमित हुदै औपचारिक प्रक्रियाबाट जिवन जगत र वातावरण सँग समयानुकुल विभिन्न अनुभवहरु हासिल गरी नयाँ नयाँ ज्ञानसिप सिकिरहेको हुन्छ । निश्चित उमेर समुहले समयको परिधिभित्र रहि निश्चित विषयबस्तु र निश्चित स्थानमा लिइएको औपचारिक ज्ञान सिपलाई मात्र सिकाई मान्ने हाम्रो चलन रहेकोछ । तर मानिसले हर समय केहि न केहि कुरा सिकिरहेको हुन्छ र मानिस जीवनभर नयाँ नयाँ ज्ञान सिपको खोजिमा रहन्छ । यसरी जिवन भरको सक्रियतापुर्ण सिकाईलाई ब्यवहारिक बनाउन र समृद्द तथा सभ्य समाजको निर्माणका लागि अनौपचारिक तथा निरन्तर सिकाई आवश्यकछ । विविध कारणले औपचारिक शिक्षाको मुल प्रवाहबाट वञ्चित भएका मानिसलाई जीवनपर्यन्त सिकाईका लागि हरिपुर नगरपालिकाले विगतमा पनि अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईलाई महत्व दिँदै कार्यक्रमहरु संचालन गरेको

थियो। निश्चित समय सिमा भित्र सिकेका ज्ञानले मात्र मानिसको जिवनलाई सार्थक बानउन सक्दैन। समुदायमा बसोबास गरेका विभिन्न उमेर योग्यता क्षमता भएका हरेक अन्तरनिहित प्रतिभाहरुको माध्यमबाट समेत अनौपचारिक शिक्षा हासिल गर्न सकिन्छ र उक्त शिक्षा हासिलका लागि राज्यले नै शिक्षाका वैकल्पिक अवसरहरु प्रदान गरेकोछ।

### *३.५.२ वर्तमान अवस्था*

यस हरिपुर नगरपालिका भित्र रहेका निरक्षर व्यक्तिहरुलाई साक्षर बनाउन विगतमा अनौपचारिक शिक्षा तथा प्रौढ शिक्षा संचालन भएको थियो साथै यस पालिकाभित्र अनौपचारिक शिक्षा निरन्तर सिकाईका बारेमा सामुदायिक सिकाइ केन्द्रहरुले कार्य गर्दै आएकाछन्।

#### *चुनौतीहरु*

- सम्पुर्ण औपचारिक शिक्षाबाट बञ्चित नागरीकलाई शिक्षाको वैकल्पिक अवसर प्रदान गर्नु
- अनौपचारिक ढंगले साक्षर भएका व्यक्तिलाई आयआर्जन तथा सिपमुलक र जिवन उपयोगि शिक्षा प्रदान गर्नु।
- औपचारिक शिक्षाबाट बञ्चित व्यक्तिहरुलाई सिकाईको सहज र सर्वसुलभ पँहुच निश्चित गरी खुला शिक्षाको पहुच वृद्धि गरी ब्यबहारिक तथा सिपयुक्त बनाउनु।
- सिकारुको आवश्यकता अनुसारको साक्षरतामा आधारित कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु।
- निरन्तर सिकाई, सिपमुलक सिप तथा समय सापेक्ष सुचना र प्रविधीयुक्त साक्षरता कक्षा संचालन गर्नु।
- व्यक्तित्व विकासकालागि सामुदायिक सुचना केन्द्र सामुदायिक अध्ययन केन्द्र,घुम्ति पुस्तकालय स्थापना गरी अध्ययनलाई सहजता बनाउनु।

### *३.५.३ उद्देश्यहरु*

- हरिपुर नगरपालिकालाई पूर्णसाक्षर नगरपालिकाको रुपमा विकास गर्नु।
- औपचारिक शिक्षाबाट वञ्चित भएका सबै नागरीकलाई समावेशी र समतामुलक साक्षरता र निरन्तर सिकाई तथा जिवन पर्यन्त शिक्षा सुनिश्चित गर्नु।
- अनौपचारिक तथा निरन्तर सिकाई र खुला शिक्षाको माध्यमबाट सिकाइको वैकल्पिक अवसर प्रदान गर्नु साथै कार्यमुलक साक्षरता सञ्चालन गरी पढ्ने बानीको विकास गर्नु।
- औपचारिक रुपमा शिक्षा लिन विद्यालय जान नसकेका तथा शरिरीक रुपमा अपाङ्गता भएका ब्याक्तिको लागि व्यबहारिक र सिपमुलक शिक्षा प्रदान गरी मर्यादित जीवनयापन गर्न सक्षम नागरिक बनाउनु।
- सामुदायिक सिकाइ केन्द्रको स्थापना विकास र विस्तार र क्षमता विकासमा सहयोग गर्नु।

### ३.५.४ रणनितिहरु

- अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षालाई प्रभावकारी बनाउन सार्वजनिक स्थानमा सन्देशमुलक सामाग्रीको लेखन गर्ने।
- रेडियो, टेलिभिजन, भर्चुअल नेटवर्क, मोवाईल एप्लिकेशन तथा अन्य विद्युतिय सामाग्रिको माध्यमबाट सिकाईलाई दिगो बनाउन साक्षरता तथा जीवनोपयोगि र सिपमुलक कार्यक्रम उत्पादन गरी दुर शिक्षा तथा घुम्ति शिक्षा सञ्चालन तथा प्रशारण गर्ने।
- सामुदायिक सिकाई केन्द्र, विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, अभिभाबक लगायत अन्य साझेदारहरु परिचालन गरी साक्षरता कक्षा सञ्चालन गर्ने साथै स्वयंसेवक परिचालन गर्ने।
- पठन संस्कृतिको विकासका लागि सामुदायिक सिकाइ केन्द्र, विधुतिय पुस्तकालय, सामुदायिक वाचनालयको स्थापना तथा स्तरिकरण गरी सिकाई स्रोत केन्द्रको रुपमा विकास गर्ने।
- मौलिक एवं परम्परागत ज्ञान सिपको पहिचान, संरक्षण, संबर्धन, आधुनिकिकरण एवं सीप हस्तान्तरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने।
- राष्ट्रिय योग्यता अनुरुपको औपचारिक अनौपचारिक अतिरिक्त शिक्षा विच समक्षता कायम गराउन मापदण्डको विकास गर्ने।
- सिकारुको आवश्यकता अनुसारका डिजिटल सामाग्रिको विकास गर्ने ।
- मागमा आधारित उमेर अनुसारको विविध सिपमुलक तालिम तथा गोष्ठी संचालन गर्ने।

### ३.५.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

- सम्पुर्ण औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरुका लागि समयानुकुलको अनौपचारिक, निरन्तर सिकाई एव जिवनपर्यन्त र सिपमुलक सिकाईको अवसर प्राप्त हुने।

#### अपेक्षित नतिजा

- लक्षितवर्ग तथा समुदायमा सिकाईको वैकल्पिक अवसर सिर्जना भएको हुनेछ।
- अनौपचारिक शिक्षा तथा निरन्तर सिकाईको व्यवस्थापनका लागि आवश्यक संरचनागत ब्यबस्था तयार भई कार्य संचालन भएको हुनेछ।
- सामुदायिक सिकाई केन्द्रको विकास र विस्तार भएको हुनेछ।
- विज्ञ समुहको निर्माण गरी अनौपचारिक शिक्षा सम्बन्धी अवधारणा पत्र तयार भएको हुनेछ।
- जिवनोपयोगी र सिपमुलक सिकाईका लागि पाठ्यक्रम तथा पाठ्यसामगी तयार भएको हुनेछ।
- उत्पादनशिल र प्रतिस्पर्धी जनशक्तिको निर्माण भएको हुनेछ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र स | क्रियाकलाप | ईकाई | भौतिक लक्ष्य(वर्ष ५) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | निरक्षरहरुको विवरण सङ्कलन | पटक | १ | | १ | | १ | ३ | स्थानीय तह र सामुदायिक सिकाइ केन्द्र |
| २ | कार्यमूलक साक्षरता कक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र सामुदायिक सिकाइ केन्द्र |
| ३ | सामुदायिक सिकाई केन्द्र सञ्चालन र क्षमता विकास | संख्या | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ४ | सामुदायिक पुस्तकालय तथा वाचन केन्द्र संचालन | वडागत | १ | २ | २ | २ | २ | ९ | प्रदेश र स्थानीय तह |
| ६ | सिकाइ केन्द्र पदाधिकारीहरुलाइ सीपमूलक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ७ | सामग्री उत्पादन प्रदर्शन र बजारीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र सामुदायिक केन्द्र |
| ८ | नमूना सामुदायिक सिकाइ केन्द्र अध्ययन अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ९ | सिकाइ केन्द्रमा ज्येष्ठ नागरिक अनुभव आदान प्रदान | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र सामुदायिक केन्द्र |
| १० | सिकाई केन्द्रको अन्य संघ सस्थासंग सहकार्य | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र सामुदायिक केन्द्र |

## परिच्छेद ४ : अन्तर सम्बन्धित क्षेत्रहरु

### ४.१ पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्यांकन

#### ४.१.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार शिक्षाको लक्ष्य हासिल गर्नको लागि वनाइएको योजनालाई पाठयक्रम भनिन्छ। यो एउटा सिकाइको योजना हो। हाम्रो जीवन जिउने क्रममा आइपर्ने सवै खाले समस्याहरुलाई तर्कयुक्त तथा सान्दर्भिक तरिकाले सहजरुपमा समाधान गर्नका लागि चाहिने ज्ञान,सिप तथा क्षमता आर्जन गर्नको लागि सिकाइको मार्ग दर्शक दस्तावेजलाई नै वास्तवमा पाठ्यक्रम भनिन्छ । पाठयक्रमले सामाजिक, शैक्षिक, आर्थिक राजनैतिक, दार्शनिक विषयवस्तु, समकालिन समाजका विषयवस्तुहरु,सिकाइ प्रकृयाका तौर तरिकाहरु अनि सिकारुले प्राप्त गरेको ज्ञानको प्रकृति समेतलाई विचार गरी वालकको सिकाइ सम्वन्धी आवश्यकताको पहिचान र निदान गरेर सिकारुलाई विश्व शैक्षिक वजारमा टिक्न र विक्न सक्ने खालको सक्षम व्यक्ति वनाउने विस्तृत योजना प्रस्तुत गरेको हुन्छ । पाठयक्रम निर्माण विकास अद्यावधिक र संशोधन जस्ता कार्यहरु निरन्तर चलीरहने प्रकृया भएको हुनाले व्यक्ति,समाज,राष्टको आवश्यकता र चाहना अनुसार पाठ्यक्रम निर्माण र परिवर्तन भइरहन्छ । अहिले राष्ट्रिय पाठ्यक्रमले सवै क्षेत्रको आवश्यकतालाई संवोधन गर्न नसकेको कारण स्थानीय पाठ्यक्रमको निर्माण र कार्यन्वयन भइरहेको छ । स्थानीय आवश्यकता अनुसार,स्थानीय व्यक्तिहरुको पूर्ण सहभागितामा स्थानीय सामग्रीको प्रयोग गरी मातृभाषा तथा स्थानीय ज्ञान सिप र प्रविधिमा आधारित विषय वस्तुको छनौट,व्यवस्थापन र कार्यन्वयन गरिरहेको विद्यमान अवस्थाछ । निर्धारित सिकाइ उपलव्धीहरु प्राप्त गर्नको लागि विद्यार्थीहरुलाई विभिन्न ज्ञान,सिप तथा व्यवहारिक अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने सम्पूर्ण शैक्षिक कार्यक्रमको मूल दस्तावेज नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगै विद्यालय तहको पाठ्यक्रम विकास,सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रीय निकायवाट भइरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रुपमा वि.सं २०६३ सालमा राष्ट्रिय पाठ्यक्रम प्रारुप तयार गरी सोही वमोजिम पाठयक्रम तयार भई प्रयोगमा आइसकेको अवस्थाछ । विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तयार गरी वि.सं २०७७ सालदेखि कक्षा १ र ११ मा तथा वि.सं २०८० सालमा विद्यालय तहको सवै कक्षाहरुमा यो पाठ्यक्रम लागू भइ सकेकोछ। नयाँ पाठ्यक्रमसँगै आधारभूत तहको कक्षा १–३ मा सिकाइ सुनिश्चितताको लागि एकिकृत पाठ्यक्रम लागू भइ थिम अनुसार निरन्तर मूल्यांकन प्रणाली अपनाइएकोछ भने कक्षा ४–८ मा ५० प्रतिशत आन्तरिक र ५० प्रतिशत वाह्य वा सैद्दान्तिक मूल्यांकन प्रणाली अपनाएदै आइएकोछ। त्यसैगरी कक्षा ९–१२ सम्म २५ प्रतिशतको आन्तरिक तथा ७५ प्रतिशतको वाह्य मूल्यांकन लागू गरिएकोछ।

#### ४.१.२ वर्तमान अवस्था

पाठ्यक्रम कुनैपनि कक्षा वा तहमा सिकाउने विषयवस्तुको सार वा रुपरेखा मात्र नभएर विद्यार्थीको सर्वपक्षीय विकास र क्षमताको गहिराईलाई निखार्ने साधन हो। किन पढाउने,के पढाउने,के कस्ता क्रियाकलापको माध्यमवाट अपेक्षित सक्षमताहरु हासिल गराउने अनि सिकाइ भएको वा नभएको कुरालाई यकिन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने अनि मूल्यांकनको यथार्थता निर्धारण गर्ने व्यापक दायरा भएको मार्ग दर्शन नै पाठ्यक्रम हो।

जव मुलुक संघीयतामा प्रवेश गर्यो त्यसपछाडि देशको सार्वभौम सत्ता नेपाली जनतामा निहित भएको तथा स्वायतता र आत्म निर्णयको अधिकारलाई संविधानले सुनिश्चित गरिदिएपछि शिक्षामा पनि केही हदसम्म स्वतन्त्रता तथा आफ्नो भूगोल,माटो आवश्यकता र स्थानीय कला संस्कृती तथा परम्पराको जगेर्ना संरक्षण तथा सदुपयोग गर्दै Think Globally act locally को अवधारणालाई आत्मसाथ गरी स्थानीय परिवेशलाई विश्व जगतसँग जोड्नको लागि स्थानीय पाठ्यक्रम शसत्त माध्यम हो। हरिपुर नगरपालिकाले हालसम्म नेपाल सरकारले लागू गरेको पाठ्यक्रम प्रयोग गरेको भएतापनि स्थानीय पाठ्यक्रम बनाउन बाँकी रहेकोछ। हरिपुर नगरपालिकाले शैक्षणिक विधि, मूल्यांकन प्रणाली शिक्षक, विद्यार्थी ,अभिभावक वा नियमनकारी निकायको भूमिकामा अपेक्षित सुधार गरी स्थानीय परिवेशलाई बिद्यार्थीहरु माझ प्रस्तुत गर्न स्थानीय पाठ्यक्रम र स्थानीय पाठ्यपुस्तक तयार गरी कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको छ।

### चुनौतिहरुः

पाठ्यक्रम तथा मूल्याकंनको क्षेत्रका चुनौति तथा समस्याहरु देहाय अनुसार रहेका छन।

- नयाँ पाठ्यक्रम निर्माण तथा प्रभावकारी कार्यन्वयनको लागि पाठ्यक्रम प्रवोधिकरण तथा शिक्षकहरुको क्षमता विकास गर्नु।
- स्थानीय पाठ्यक्रम पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको निर्माण,वितरण तथा व्यवस्थापन गर्नु।
- सामाजिक विविधता र समावेशीतालाई संवोधन गरेर स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण कार्यमा दक्ष र योग्य जनशक्तीको सुनिश्चित गर्नु।
- पाठ्यक्रमले तोके अनुसारको मूल्याकंन प्रणालीका सवै अवयवको विद्यालयमा प्रभावकारी कार्यन्वयन गर्नु।
- शिक्षक तथा विद्यार्थीको डिजिटल सामग्रीको पहुँच वृद्धि गर्नु।
- सिकाइ उपलव्धिको छलफल, अन्तरक्रिया र विश्लेषण गरी शिक्षण सुधार योजना वनाउने कुराको सुनिश्चित गर्नु।
- विद्यालय तहको परीक्षा प्रणालीलाई मर्यादित,प्रभावकारी र एकरुपता कायम गर्नु।
- पठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोगमा अभिभावक संलग्नता खोजमूलक र प्रयोगात्मक बनाउनु।
- पाठ्यक्रम निर्माण तथा मूल्यांकन प्रकृयामा नागरिक समाज,गैर सरकारी संस्था तथा अन्य जिम्मेवारी निकायको सहभागिता सुनिश्चित गर्नु।

### ४.१.३ उद्देश्यहरु

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्णरुपमा प्रभावकारी तरिकाले कार्यन्वयन गर्नु।
- स्थानीय परिवेश तथा आवश्यकता अनुकुल तोकिएको तहमा स्थानीय पाठयक्रम तथा पाठयपुस्तकहरुको विकास, वितरण, कार्यन्वयन तथा मूल्यांकन गर्नु।

- विद्यालय तहको परीक्षा प्रणालीमा वैज्ञानिक पद्धति लागू गरी उपलव्धी अभिलेखीकरण गर्नु।
- सरोकारवालाहरुबीच सिकाइ उपलव्धीको विश्लेषण गरी शिक्षण सुधार योजना, विद्यार्थी उपलव्धी अभिवृद्धि योजना बनाई लागू गर्नु।

### ४.१.४ रणनीतिहरु

- हरेक शिक्षकलाई आफनो विषयको पाठयपुस्तक,पाठयक्रम,सन्दर्भ सामग्री, विशिष्टीकरण तालिका र शिक्षक निर्देशिकाको उपलव्धता सहितको प्रभावकारी प्रयोगको अनिवार्यता गर्ने।
- पाठयक्रम तथा शैक्षिक सामग्रीहरुको शिक्षक तथा विद्यार्थीहरु बिचमा पहुँचको सुनिश्चित गर्ने।
- पाठ्यक्रम तथा पाठयपुस्तक प्रयोग सम्वन्धमा शिक्षक, विद्यार्थी, अभिभावकलाई जिम्मेवार बनाउने।
- पाठ्यक्रम मूल्यांकन सम्वन्धी रहेका कमी कमजोरी, समस्या  तथा प्रभावकारी कार्यन्वयनको लागि प्रवोधिकरण तथा अध्यावधिक समीक्षा कार्यक्रमहरु संचालन गर्ने।
- पाठयक्रम प्रयोगमा सघाउ पुर्याउने अति आवश्यक सन्दर्भ पुस्तक तथा अन्य सामग्रीहरुको खोज,निर्माण,प्रयोग र व्यवस्थापन गर्ने।
- कक्षा एकदेखि तीनसम्म एकिकृत पाठयक्रम अनुरुप बिषयक्षेत्रगत मूल्यांकन र कक्षा चारदेखि वाहसम्म परियोजना तथा प्रयोगात्मक परीक्षा सहितको आन्तरिक मूल्यांकनलाई पूर्णरुपमा लागू गर्ने।
- पालिका स्तरीय तहगत परीक्षालाई थप व्यवस्थित,समय सान्दर्भिक,र परिणाममुखी बनाउदै लैजाने ।
- स्थानीय विज्ञ तथा सरोकारवालाहरुको परिचालन गरी स्थानीय पाठयक्रम तथा पाठयपुस्तकको विकास, वितरण,कार्यन्वयन र मूल्यांकनमा जोड दिने।
- वार्षिक रुपमा विद्यालयस्तरमा विद्यालयले तथा पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीहरुको सिकाइ उपलव्धीहरुको विभिन्न सूचक तथा मापदण्ड तयार गरी वृहत्तर छलफल र अन्तरक्रिया गर्ने अभ्यासको सुरुवात गर्ने।
- सिकाइ उपलव्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गर्ने।
- परीक्षा तथा परीक्षाफलको विश्लेषणको आधारमा विद्यार्थीहरुको उपलव्धीको अभिलेखीकरण गरी सुधारका अन्य उपायहरु अवलम्वन गर्ने।
- परिमार्जित पाठयक्रम तथा मूल्यांकन प्रणालीको प्रवोधीकरण कार्यक्रम सहित नियमित घुम्ती शिक्षक वैठक तथा शिक्षक क्षमता विकासका कार्यक्रमहरु संचालन गर्ने।
- सिकाइ उपलब्धि र गुणस्तर सुधार सम्बन्धमा विद्यार्थीऽ शिक्षक र सरोकारवालाहरुमा जवाफदेही बनाउने।
- कक्षागत शिक्षण सिकाइ प्रक्रियालाई समय सान्दर्भिक प्रविधिमैत्री, सिप मुलक,वैज्ञानिक, व्यावसायिक र जीवन उपयोगी बनाउने।

### ४.१.५ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी:**

राष्ट्रिय पाठयक्रमको प्रभावकारी प्रयोग तथा स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन अपेक्षित सिकाइ उपलब्धी अभिवृद्धि भएको हुनेछ ।

**नतिजा:**

- हरेक शिक्षकले आफनो विषयको पाठ्यक्रम,पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाको प्रयोग गरेका हुनेछन् ।
- मापदण्डमा आधारित मूल्यांकनका सवै साधनहरुको प्रयोग गरी आन्तरिक मूल्यांकन प्रणालीको पूर्णरुपमा लागू भएको हुनेछ ।
- पालिका स्तरीय परीक्षा मर्यादित र प्रभावकारी भएको हुनेछ ।
- स्थानीय पाठयक्रम तथा पाठयपुस्तकको समय सान्दर्भिक विकास र परिमार्जन गरी कार्यन्वयन भएको हुनेछ ।
- विद्यार्थीहरुको सिकाइ उपलव्धीको विभिन्न सूचकहरुका आधारमा विश्लेषण गरी सिकाइ उपलव्धी विश्लेषण गर्ने अभ्यासको सुरुवात भएको हुनेछ ।
- सिकाइ उपलव्धी विश्लेषणका आधारमा शिक्षण सुधार योजना तयार गरी कार्यन्वयन भएको हुनेछ ।
- पाठयक्रम तथा पाठयपुस्तक लगायत सन्दर्भ सामग्रीहरुमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच वृद्धि भएको हुनेछ ।

### ४.१.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | कक्षा १ देखि ५ सम्मको स्थानीय पाठयक्रम विकास र कार्यान्वयन | पटक | १ | १ | १ | | | ३ | स्थानीय तह |
| २ | कक्षा १ देखि ५ सम्मको स्थानीय पाठ्यपुस्तक विकास र कार्यान्वयन | | | | १ | १ | | २ | स्थानीय तह |
| ३ | कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठयक्रम विकास र कार्यान्वयन | पटक | १ | | | १ | १ | ३ | प्रदेश र स्थानीय तह |
| ४ | स्थानीय पाठयक्रम सम्वन्धी प्रवोधीकरण कार्यक्रम | पटक | | १ | १ | | | २ | प्रदेश र स्थानीय तह |
| ५ | पाठयक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग सम्बन्धमा अभिमुखीकरण | पटक | | १ | १ | | | २ | प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | पाठ्यक्रमका आधारमा शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| ७ | सरोकारवालाहरुसँग पाठयक्रम कार्यान्वयन समिक्षा | पटक | | १ | १ | १ | १ | ५ | स्थानीय तह र विद्यालय |
| ८ | पाठ्यक्रम संक्षेपीकरण कक्षागत हातेपुस्तिका निर्माण | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह |
| ९ | निरन्तर मूल्याङ्कन सम्बन्धी सहयोगी सामग्री निर्माण | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह |
| १० | पाठ्यक्रमसँग सम्बन्धित अनलाइन सामग्री तथा सिकाइ पोर्टल निर्माण र सहजीकरण | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह |

## ४.२ शिक्षक व्यवस्थापन र विकासः

### ४.२.१ परिचयः

शिक्षा सबैका लागिका अनिवार्य,निशुल्क,समावेशी तथा गुणस्तरीय पनि हनुपर्छ भन्ने मान्यता सर्वत्र स्थापित भएको छ । विश्व एउटै गाउँको अवधारणा आइरहेको वर्तमान अवस्थामा विश्वबजारको प्रतिस्पर्धाका लागि पनि आज गुणस्तरीय  तथा सीपयुक्त शिक्षा प्राप्त कुशल जनशक्ति अपरिहार्य भएकोछ । उक्त शिक्षा प्रदान गर्नको लागि सहजीकरणको प्रमुख भूमिका खेल्ने एक मात्र पात्र शिक्षक भएको हुनाले  शिक्षकको क्षमतामा अभिवृद्धि गर्न तथा शिक्षकहरुलाई परिवर्तित समय र  सन्दर्भ अनुसार परिमार्जित र अद्यावधिक बनाइ राख्नका लागि शिक्षकलाई तालिम तथा  पेशागत विकास निरन्तररुपमा भईरहन आवश्यक पर्दछ।

नेपालको सन्दर्भमा हेर्ने हो भने शैक्षिक गुणस्तरका लागि तालिमको सुरुवात सन् १९४८ तिर भएको पाईन्छ। त्यसवेला कक्षा ५ पास गरेका व्यक्तिहरुलाई सिकाइसगँ सम्वन्धित तालिम दिईन्थ्यो। सन १९४९ मा नेपालमा शिक्षक तालिम तथा अध्ययन संस्थाका नाममा स्थापना भएपनि नियमित रुपमा सञ्चालन हुन नसकेका कारण सन १९५३ मै अवरुद्ध भई अमेरिकी सरकारको सहयोगमा सन १९५४ मा college of education को स्थापना भयो। जसको मुख्य उदेश्य शिक्षक हुनका लागि योग्य तथा तालिम प्राप्त जनशक्ति उत्पादन गर्नु थियो। यसरी नेपालको शैक्षिक इतिहासलाई अध्ययन गर्दा नेपालमा सरकारका तर्फबाट शिक्षकलाई तालिम प्रदान गर्ने प्रयास वि.सं २००४ सालबाट शुरुवात भएको पाइन्छ। सन् १९७१ सम्म नर्मल तालिम र पछि गएर प्राथमिक शिक्षक तालिम केन्द्रका रुपमा विकसित गरी शिक्षक उत्पादन गरियो। college of education र शिक्षा तालिम केन्द्र पछि गएर शिक्षा शास्त्र सङ्कायमा गाभिएको इतिहास पाईन्छ।

नेपाल राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ बाट शिक्षण पेशाका लागि प्राज्ञिक योग्यता निर्धारण गरी थप १० महिने पेशागत योग्यता अनिवार्य गरियो। सन १९८० देखि सुरु भएको सेती परियोजना आधारभत् तथा प्राथमिक शिक्षा

परियोजनाका छोटो अवधिका शिक्षक तालिम तथा रेडियो शिक्षा शिक्षक तालिम, विज्ञान शिक्षा परियोजना लगायतका कार्यक्रमहरु अन्तर्गत साढे दुई महिने देखी १० महिना अबधिका तालिम सञ्चालन गरियो । सबैका लागि शिक्षा कार्यक्रम २००१ देखि २०१५ अनुसार शिक्षक शिक्षण आयोजना र माध्यमिक शिक्षा सहयोग कार्यक्रमले नेपाल भरिका प्राथमिक देखि माध्यमिक तहसम्मका शिक्षकहरुका लागि १० महिने शिक्षक तालिम सञ्चालन गरि आयोजना अन्तर्गत सन २००९ सम्म शिक्षक दरबन्दीमा कार्यरत ९८ प्रतिशत शिक्षकहरुले तालिम पूरा गरेको अभिलेख पाइन्छ ।

प्राथमिक शिक्षा परियोजना अन्तरगतको १५० र १८० घण्टे शिक्षक तालिम हुदै आधारभूत तथा प्राथमिक शिक्षा परियोजना र सबैको लागि शिक्षा कार्यक्रमबाट प्रदान गरिएको ३३० घण्टे सहितको १० महिने सेवाकालिन तालिम र निम्नमाध्यमिक तथा माध्यमिक तहका लागि सक्षमतामा आधारित १० महिने शिक्षक तालिम प्राप्त अवसर अन्य जिल्लाका शिक्षकहरुले जस्तै दाङ जिल्लाका सबै जसो स्थानीय तहहरु साबिकका नपा गाबिसका शिक्षकहरुले प्राप्त गरेका थिए । जुन अवसर स्थानीय तहहरु भई सकेपछि पाउन मुस्किल भईरहेको विद्यमान अवस्था छ ।

संघीय संरचना अनुसार स्थानीय तहहरु स्थापना भएपछि शिक्षकहरुले तालिम पाउने क्रम घट्दो अबस्थामा छ । शिक्षक तालिमलाई केन्द्रिकृतवाट विकेन्द्रित बनाइ स्थानीय तह अनुरुपको कार्यक्रम बनाउन आवश्यक देखिन्छ । शिक्षक तालिमले शिक्षकहरुलाई मनोसामाजिक परामर्शमा आधारित भएर पेशाप्रति सकारात्मक र समर्पण भावको विकास गर्ने गरी क्षमताको विकास गर्नु पर्ने देखिन्छ ।

योग्य, तालिम प्राप्त र प्रविधियुक्त शिक्षकले मात्र गुणस्तरीय शिक्षा दिनसक्छ । शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध र वफादार भई समावेशी र समतामुलक कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरीछ । वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु सुनिश्चित हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रयोग र व्यवस्थापन, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन जस्ता तोकिएका कार्यहरु सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ ।

### ४.२.२ वर्तमान अवस्थाः

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापन अनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्थाछ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएको छ । नियमित रुपमा रीत पुर्याएर स्थायी नियुक्ति गर्ने,समय र परिस्थिती अनुसार सेवा सर्त र सुविधाको पूर्ण ग्यारेन्टी जस्ता असल कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेकोछ ।

यस हरिपुर नगरपालिकाले पनि शिक्षकको क्षमता विकासको लागि तालिमहरु,गोष्टी र कार्यशालाहरु सञ्चालन गर्दै आएकोछ भने अपुग शिक्षकको लागि शिक्षण अनुदानमा शिक्षक ब्यवस्थापन गर्ने कार्य गरेकोछ । साथै दरबन्दी मिलान,कक्षा घटाउने,कक्षा वढाउने,उत्कृष्ट शिक्षक, प्रशासक, विव्यस, कर्मचारीहरुलाई पुरस्कृत समेत गरिएकोछ ।

तर शिक्षकको पेशागत विकासमा प्रत्यक्ष सहयोगको सामान्य तालिम वाहेक अन्य कुनै प्रणालीको विकास र लागु गर्न सकिएको छैन। त्यसको साथै शिक्षकलाई सिकाइ प्रति उत्तरदायी बनाउन चुनौती रहेकोछ।

**शिक्षक ब्यवस्थापन तथा विकासमा देहाय बमोजिमका चुनौतिहरू रहेका छन्।**

- बिद्यार्थी र शिक्षक अनुपातमा विषयगत र तहगत आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
- शिक्षकलाई पेशागत विकासमा क्रियाशिल बनाउनु।
- शिक्षकको पेशागत विकासको लागि पेशागत सहयोग प्रणाली लागू गर्नु।
- शिक्षकबाट पाठ्यक्रमले तोके बमोजिमको शिक्षण विधि कार्यान्वयनको सुनिश्चत गर्नु।
- शिक्षकबाट शैक्षिक सामग्रीको संकलन निर्माण र त्यसको उच्च प्रयोगको सुनिश्चतता गर्नु।
- पूर्वसेवाकालीन, सेवाकालिन पूनर्ताजगी तालिम लिईसकेको र तालिम लिन वाकी रहेका शिक्षकहरुलाई समेत पेशागत दक्षता अभिवृद्धि गर्नु।
- मागमा आधारित विभिन्न मोड्युल तालिमको व्यवस्था लाई सहज रुपमा कार्यन्वयनमा ल्याउनु।

### ४.२.३ उद्देश्यहरु

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्ः

- सिकाइ सुधारको लागि आवश्यक तहगत र विषयगत शिक्षकको क्रमश ब्यवस्थापन गर्दै लैजानु।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु।
- प्र.अ.लाई नेतृत्व विकास, शिक्षकलाई पेशागत विकास सम्बन्धी क्षमता अभिवृद्धि तालिम संचालन गर्नु।
- कार्यसम्पादन मूल्याङ्कनका आधारमा प्रोत्साहनका कार्यक्रमहरु संचालन गर्नु।

### ४.२.४ रणनीतिहरूः

- बार्षिक रुपमा विद्यार्थी संख्या र आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन गरिनेछ।
- सबै तहका शिक्षकलाई आवश्यकतामा आधारित तालिम कार्यक्रमहरु प्रदान गरिनेछ। तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नुपर्ने व्यवस्थालाई पुर्ण रुपमा कार्यान्वयनमा लगिनेछ।
- हरेक विद्यालयमा महिनाको १ दिन सम्बन्धित तहगत र बिषयगत शिक्षकहरुबीच सिकाइ आदानप्रदान सम्बन्धी अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसार शिक्षकको पेशागत सहयोग प्रणालीलाई कार्यान्वयनमा लगिनेछ।
- महिनाको अन्तिम शुक्रबार सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिनेछ।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा क्लस्टर स्तरीय घुम्ति शिक्षक बैठक सञ्चालनमा ल्याइनेछ।
- शिक्षण सुधार योजनालाई अनिवार्य गरिनेछ ।
- शिक्षकबाट पाठयोजना वा शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गरिनेछ।
- निश्चित सुचक र मापदण्डको आधारमा शिक्षक,कर्मचारी तथा विद्यालयसँग सम्बद्ध उत्कृष्ट व्यक्तिहरुलाई पुरस्कृत गरिनेछ।
- बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान गर्ने र त्यसको नतिजाहरु कक्षाकोठामा उपयोगमा ल्याउने अभ्यासको थालनी गरिनेछ।
- सकारात्मक सिकाइ आदानप्रदान गर्न अन्तर बिद्यालय अन्तरपालिका तथा बाह्य अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।
- तालिम अवधिभरमा विद्यालयमै शैक्षिक परामर्श, स्रोत विज्ञ, प्रशिक्षक तथा रोष्टर प्रशिक्षकबाट उपलब्ध गराई शिक्षकको क्षमता अभिवृद्धि गराईनेछ।
- तालिम पश्चात रोष्टर प्रशिक्षक, प्रधानाध्यापक, विषय विज्ञहरुको संलग्नतामा शिक्षक सहायता संयन्त्र निर्माण गरी शिक्षकहरुलाई विद्यालयमै शिक्षण सिकाइमा सुधारका लागि सहयोग उपलब्ध गराइनेछ।
- उच्चतम शैक्षिक योग्यता अभिवृद्धि गर्न चाहने शिक्षकहरुको लागि मापदण्डका आधारमा शर्त सहित पठन पाठनमा बाधा नपर्ने गरी शिक्षकलाई उच्च शिक्षा अध्ययनमा पठाउने व्यवस्था गरिनेछ।
- विद्यालय तथा विषयगत सञ्जालीकरण गरी शिक्षण अभ्यासका राम्रा पक्षहरुको आदानप्रदान गर्ने परिपाटीको व्यवस्था गरिनेछ।

### ४.२.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यः

#### उपलव्धिः

पेशागत विकास, योग्य, समर्पित, तालिम प्राप्त, प्रविधिमैत्री, पेशामा गौरव गर्ने र सक्रिय शिक्षकको ब्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ।

#### नतिजा

- ➢ स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त भएको हुनेछ।

- विषयगत रूपमा शिक्षक दरबन्दी मिलान,परिमार्जन तथा स्यमसेवक शिक्षकको व्यवस्था भएको हुनेछ।
- शिक्षकले कक्षाकोठामा विताउने समयको लेखाजोखाका लागि लगबुक लागू भएको हुनेछ।
- मासिक सिकाइ केन्द्रित स्टाफ बैठक,अन्तरक्रिया तथा कार्यशाला भएको हुनेछ ।
- नियमित घुम्ति बैठक बस्ने र पृष्ठपोषण दिने अभ्यास भएको हुनेछ।
- दक्ष,समर्पित र लगनशिल शिक्षक तथा कर्मचारीहरु पुरस्कृत भएका हुनेछन् ।
- शिक्षकहरुको पेशागत सञ्जालीकरणको व्यवस्था भइ सिकाइ आदानप्रदान गरिएको हुनेछ ।
- प्रविधिमैत्री सिकाइको लागि तालिम,कार्यशाला तथा अनलाइन माध्यमको उपयोग भएको हुनेछ ।

## प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | स्वयमसेवक शिक्षकको नियुक्ति | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| २ | तहगत बिषयगत र प्रविधिमैत्री शिक्षक तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |
| ३ | मासिक सिकाइ केन्द्रित स्टाफ वैठक सहजीकरण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ४ | चौमासिक शिक्षक घुम्ती वैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | स्थानीय तह र बिद्यालय |
| ५ | शिक्षकको पेशागत सहयोग प्रणालीको लागि स्रोतविज्ञको नियुक्ति र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ६ | शिक्षण सुधार योजनाको निर्माण र कार्यान्वयनका लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ७ | शैक्षिक सामग्री निर्माण र प्रयोग सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| ८ | कार्यमूलक अनुसन्धान सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ९ | तोकिएको सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १० | अन्तर बिद्यालय तथा अन्तर पालिका शैक्षिक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ११ | सर्वदलीय,सर्व पक्षीय शैक्षिक वहस | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १२ | शिक्षक बैंकको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १३ | सबै शिक्षकहरुको स्वास्थ्य वीमा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १४ | शिक्षक मेन्टोरिङ | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |
| १५ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | | १ | | १ | | २ | स्थानीय तह |
| १६ | विषयगत सञ्जालीकरण तथा सहपाठी कक्षा अवलोकन र पृष्ठपोषण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह |

## ४.३ शैक्षिक समता तथा समावेशी

### *४.३.१ परिचय*

सबै महिला, दलित, गरिब वा पिछडिएका वर्ग अपाङ्गता भएका समुदायहरुलाई राज्यको नीति निर्माण प्रक्रिया एवम् कार्य सम्पादन प्रक्रियामा अर्थपुर्ण सहभागि गराउने कार्य समावेशिकरण हो । अर्को अर्थमा भन्नु पर्दा राज्यको मुल प्रवाहमा समाहित हुन नसकेका वा पछाडि परेका वा पारिएका महिला, आदिवासि, जनजाति, मधेशी, दलित, लगायत सिमान्तकृत वर्गका लागि समानुपातिक समावेशी नीतिका आधारमा राज्यको मूल प्रवाहमा ल्याउन अपनाइएको लोकतान्त्रिक विधि नै समावेशिकरण हो । ती मध्ये शैक्षिक क्षेत्रको बारेमा समावेशी शिक्षा भन्नाले समाजमा रहेका हरेक वर्ग, क्षेत्र, समुदाय, जातजाति लगायत शिक्षाबाट वञ्चित रहेका वर्गलाई उनीहरुको आवश्यकता र चाहना अनुसारको शिक्षा प्रदान गरि गुणस्तरीय जीवनयापन गर्न सक्ने बनाइ शिक्षाको माध्यमबाट राज्यको मूल प्रवाहमा समाहित गर्ने शिक्षणको आधुनिक विधि नै शिक्षामा समावेशिकरण हो ।

सामाजिक, आर्थिक, लैङ्गिक, भाषा, जातजाति, भौगोलिक अवस्थिति तथा विभिन्न प्रकारका अपाङ्गता तथा आवश्यकताका आधारमा गुणस्तरीय शिक्षाको अवसर, पहुँच र उपलब्धिमा रहेको असमानतालाई निराकरण गरी पूर्ण समानताको स्थितिमा ल्याउनका लागि अबलम्वन गरिने नवीनतम उपाय नै समता हो ।

समता र समावेशी सम्बन्धमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा बिभिन्न ऐन तथा कानूनहरु तयार भएकाछन । नेपालको संविधान (२०७२) को धारा ३१ ले शिक्षा पाउनु सबै बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने कुरालाइ उल्लेख गरेकोछ । अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेकोछ । यस मान्यतालाई नेपाल सरकारले पनि स्वीकार गरी त्यो अन्तर्राष्ट्रिय महासन्धिमा हस्ताक्षर गरी संसद्ले अनुमोदनसमेत गरि सकेकोछ ।

राष्ट्रिय शिक्षा नीति २०७६ मा शिक्षाका सबै तहमा प्रारम्भिक बाल विकासदेखि उच्च शिक्षा तथा जीवनपर्यन्त शिक्षासम्म समावेशीकरण सम्बन्धी मुद्दा पहिचान गरी त्यसको उचित सम्बोधन गरिनेछ भन्ने कुरा उल्लेख गरिएकोछ। बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा २८ ले सबै बालबालिकाको शिक्षा पाउने अधिकार सुनिश्चित गरेकोछ भने धारा २९ ले त्यस्तो शिक्षाले बालबालिकाको व्यक्तित्व, शारीरिक तथा मानसिक विकासमा सर्वदा मद्दत गर्ने कुरा उल्लेख गरेकोछ। त्यसलाई नेपाल सरकारले अङ्गीकार गरेकोछ र बाल बालिका सम्बन्धी ऐन, २०७५ मा पनि समता र समावेशी शिक्षाको बारेमा उल्लेख गरिएकोछ साथै दिगो विकास लक्ष्य र सोह्रौँ आवधिक योजनामा पनि समता र समावेशी शिक्षालाइ प्रमुखताका साथ उल्लेख भएकोले यो सबैको सरोकारको बिषय भएकोछ।

### ४.३.२ वर्तमान अवस्था

समाजमा रहेको लैङ्गिक असमनता, महिला हिंसा, महिला उत्पीडन जस्ता विसङ्गतिलाई निरुत्साहित गरी जातीय विभेदको अन्त्य,आर्थिक तथा सामाजिकरुपमा पिछडिएका हरुलाई सहयोग र शिक्षामा सबैको पहुँच पुर्याउन राज्यले विभिन्न कार्य गर्दै आइ रहेकोछ। लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरुद्ध यस नगरपालिकामा पनि विभिन्न कार्यहरु हुँदै आइ रहेकाछन्। नेपालको संविधान तथा कानुनमा व्यवस्था भएअनुरुप नगरकार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा जातजाती, महिला र दलितको उल्लेख्य सहभागिता रहेकोछ।

यस हरिपुर नगरपालिका बहुभाषिक, बहुजातीय, बहुसाँस्कृतिक र बहुधार्मिक पालिका हो। यस नगरपालिकामा थारु, मुस्लिम, यादव, तेली, चमार, ब्रामहण, क्षेत्री, नेवार, आदि जातका मानिसहरु बसोबास गर्दछन। धेरैजसो विद्यालयहरुमा माथिल्ला कक्षाहरुमा छात्रहरुको भन्दा छात्राहरुको बिद्यालय नियमितता रहेको देखिन्छ। पालिकाभित्र रहेका केहि अपाङ्गता भएका बालबालिकाका लागि शिक्षामा नगरपालिकाबाट समतामूलक पहुँच पुर्याउन लक्षित समूहका लागि कार्यक्रमहरु संचालन भइ रहेकाछन्। बिचैमा विद्यालय छाडि तह पुरा गर्न नसक्ने र अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न नसकेकाहरुलाई सम्बोधन गरि समता र समावेशिकरणमा अभिवृद्धि गर्नु आवश्यक देखिएकोछ। शिक्षामा सबैको पहुँच पुर्याई सहभागितामुलक सिकाइ सुनिश्चित गर्नका लागि सबै बालबालिकालाई शिक्षामा समान र समतामा आधारित अवसर कसरी उपलब्ध गराउने भन्ने विषयहरुलाई सम्बोधन गर्नको लागि शिक्षामा समावेशिकरण र समताको आवश्यक देखिन्छ।

### चुनौतीहरु

समावेशी शिक्षाको उदेश्य परिपुर्ति गर्नका लागि निम्नलिखित समस्या तथा चुनौतिहरु रहेका छन् :

- प्रत्येक विद्यालयहरुमा वालमैत्री शैक्षिक पद्धति पूर्णरुपमा कार्यान्वयन गर्नु।
- सबै किसिमका अपाङ्गता भएका बालबालिकाहरुको लागि शिक्षामा पहुँचयुक्त वातावरण बनाउनु।
- स्थानीयस्तरमा विशेष विद्यालय तथा स्रोत कक्षा संचालन गर्नु ।
- विद्यालयहरुमा लैङ्गिक र अपाङ्गता मैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु।

- शिक्षाको मूल प्रवाहिकरणमा लैङ्गिक सहभागिताको सुनिस्चित गर्नु।
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु।

### ४.३.३ उद्देश्यहरु

- शिक्षाको अवसरबाट वञ्चित रहेका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु।
- विद्यालयमा कुनै पनि प्रकारको विभेद , दुर्व्यवहार, हेपाइ नहुने अवस्थाको सुनिश्चितता कायम गर्नु।
- विद्यालयलाई लैङ्गिकमैत्री बालमैत्री तथा अपाङ्गतामैत्री वातावरण तयार गरी शैक्षिक सुशासन कायम गर्नु।
- सवै किसिमका वालवालिकाहरुलाई सम्बोधन हुनेगरी पहुँचयुत्त र समावेशी सिकाइ वातावरण तयार गर्नु।

### ४.३.४ रणनीतिहरु

हरिपुर नगरपालिकाले तय गरेको समावेशि शिक्षाको उदेश्य हासिल गर्न निम्न लिखित रणनीतीहरु अवलम्वन गर्नेछः

- बालबालिकाको शिक्षामा पहुँच र सहभागितामा रहेको विभेदलाई निराकरण गर्न विद्यालयमा सहज पहुँच र सहभागिताको सुनिश्चितता गर्ने ।
- बालमैत्री लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार तथा शैक्षिक वातावरणको विकास गर्ने।
- शिक्षकहरुका लागि समावेशी शिक्षा सम्बन्धी तालिमको व्यवस्था मिलाउने।
- छात्रावास सहितको विशेष विद्यालय र श्रोत कक्षा स्थापना गर्नका लागि सम्बन्धित निकायसँग सहकार्य गर्ने।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि छात्रबास सहितको विशेष विद्यालय सञ्चालन गर्ने।
- बहुभाषिक शिक्षा नीति अवलम्वन गरी कम्तिमा प्राथमिक तहमा मातृभाषाको माध्यमद्वारा सिकाइको अवसर प्रदान गर्ने।
- शिक्षालाई समतामुलक, समावेशी पहुँचयुक्त बनाउन आवश्यक व्यबस्था मिलाउने।
- समावेशी शिक्षाको गुणस्तर बढाउन लगानीको सुनिश्चितताको लागि सम्बन्धित निकायलाई जिम्मेवार र जवाफदेही बनाउने।

### ४.३.५ नतिजा प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलब्धि

हरिपुर नगरपालिकाभित्र रहेका विद्यालय तहको शिक्षा समतामूलक र समावेशी, सहभागितामूलक, गुणस्तरीय र पहुँचयुत्त भएको हुनेछ।

### अपेक्षित नतिजाहरु

- हरिपुर नगरपालिकाभित्र रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका आर्थिक रुपले विपन्न सबै बालबालिकाले शिक्षाको अवसर प्राप्त गरेका हुनेछन् ।
- विद्यालय कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र भयमुक्त भएको हुनेछ ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा समावेशी सहभागिता वृद्धि गरि गुणस्तर सुधार भएको हुनेछ ।
- मनोसामाजिक समस्या भएका बालबालिकाहरुलाई मनोबिमर्श प्रदान गरिएको हुनेछ।

### *प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | समावेशी तथा समतामूलक शिक्षा तालिम | पटक | | | १ | १ | १ | ३ | संघ, प्रदेश, स्थानीय तह र बिद्यालय |
| २ | बालबालिकाको प्रारम्भिक पहिचान गर्ने | पटक | १ | १ | | | | २ | प्रदेश र स्थानीय तह |
| ३ | मनोसामाजिक बिमर्श सम्बन्धी तालिम | पटक | | | १ | १ | १ | ३ | प्रदेश र स्थानीय तह |
| ४ | प्रारम्भिक कक्षामा मातृभाषाको माध्यमबाट शिक्षण गर्न शिक्षक तालिम | पटक | | १ | | १ | | २ | प्रदेश र स्थानीय तह |
| ५ | गुनासो सुनुवाई सम्बन्धीअभिमुखीकरण | पटक | | १ | | १ | | २ | प्रदेश र स्थानीय तह |
| ६ | लैङ्गिक सम्पर्कव्यक्तिको क्षमता विकास तालिम | पटक | | १ | | १ | | २ | प्रदेश र स्थानीय तह |
| ७ | अपाङ्गता सहायक सामग्रीको वितरण | पटक | | | १ | १ | १ | ३ | संघ, प्रदेश र स्थानीय तह |
| ८ | समावेशी सिकाइ सामग्री निर्माण र वितरण | पटक | | १ | १ | १ | १ | ४ | संघ, प्रदेश र स्थानीय तह |

### ४.४ बिद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय :

स्वस्थ शरीरमा नै स्वस्थ्य मस्तिष्क रहन्छ भन्ने भनाई रहेको छ। स्वस्थ शरीर नभए सम्म राम्रो शिक्षा हाँसिल गर्न सकिन्न । घर,परिवार विद्यालयले बालवालिकालाई स्वच्छ खानेपानी, स्वच्छ खाजा, खाना, सफा शौचालयको व्यवस्था गर्नुपर्छ । बजारमा पाइने बट्टावन्द र प्याकेट बन्द भएका खानेकुरा  जंकफुड स्वस्थ्यकर हुँदैनन् । स्वास्थ्य र पोषणको दृष्टिले बालबालिकालाई अर्गानिक ताजा खानेकुरा उपलब्ध गराउनु पर्दछ । खानेकुरामा भोक हटाउन मात्र नभई शरीरलाई आवश्यक पर्ने पोषकतत्व हुनै पर्दछ। बालवालिकाको वृद्धि र विकासका लागि पोषिलो खानेकुरा अनिवार्य छ । पोषणयुक्त दिवा खाजा खान पाउनु बालबालिकाको संवैधानिक र कानूनी अधिकार पनि हो । दिवा खाजाबाट बालवालिकाको शारीरिक मानसिक विकास भई मानवपुँजी विकासमा योगदान पुग्दछ । आ.व. २०७७/७८ देखि नेपाल सरकारले वालकक्षा देखि ५ कक्षा सम्मका बालबालिकालाई दिवा खाजाका लागि दैनिक रु १५ का दरले एक वर्षमा १८० दिनको लागि उपलब्ध गराउँदै आएकोछ ।  दिवाखाजाले विध्यार्थीको पढाइ प्रतिको चासो, बिद्यालय जाने मेसो, शैक्षिक  उपलब्धि, गुणस्तरीय जीवन सहित समाजमा प्रभाव पार्ने भएकाले स्वास्थ्य र पोषणको अवस्था राम्रो पार्नु पर्दछ । दिवाखाजाले कुपोषण हटाई स्वस्थ र स्वच्छ रुपमा पढ्न पाउनु पर्ने हकको सुनिश्चतता गरी  विद्यार्थी संख्या उपस्थिति  बढाई सिकाइ उपलब्धि सुधार गर्नु अपरिहार्यछ।

नेपाल सरकारले २०७२ को संविधान, अनिवार्य तथा निशुल्क शिक्षा २०७५ , खाद्यसंप्रभुताको हक, दीगो विकासका लागि भोक उन्मुलन, सबैका लागि गुणस्तरीय शिक्षा कार्यान्वयनका लागि हरिपुर नगरपालिकाले पनि बालविकास कक्षा देखि ५ कक्षा सम्मका १५ ओटै सामुदायिक विद्यालयका सवै विद्यार्थीलाई दिवा खाजाको व्यवस्थापन गर्ने गरेको छ।

### ४.४.२ वर्तमान अवस्था

यस हरिपुर नगरपालिकाका अधिकांश जनताहरु गरिबीको समस्यामा रहेकाछन् । विद्यालयमा आउन भौगोलिक विकटता छ । पानीको व्यवस्थापन गरी सरसफाई, स्वच्छताको अवस्थालाई सुधार गर्नु जरुरी छ । हरिपुर नगरपालिकाले १५ वटै सामुदायिक विद्यालयमा अध्ययनरत बाल कक्षा देखि ५ कक्षा सम्मका विध्यार्थीलाई रु १५ का दरले १ वर्षमा १८० दिनको दिवा खाजा रकम उपलब्ध गराईरहेको छ। धेरैजसे बिद्यालयहरुले  विद्यालयमै खाजा बनाई खुवाउने गरेका छन् , यसैगरी गरी बालबालिकाको स्वास्थ्य र सुरक्षालाई मध्यनजर गरी नेपाल सरकारले उपलब्ध गराउने अनिवार्य खोपको सुनिश्चितता गरिएकोछ । सबै वडामा नै गाउँघर क्लिनिक तथा विद्यालयमा आएर नै अनिवार्य खोप लगाउने गरिएको पनिछ ।

### हरिपुर नगरपालिकाले स्वास्थ्य र पोषणका क्षेत्रमा गरेका असल अभ्यास :

- सबै वालवालिकालाई खोपको सुनिश्चितता ।
- विद्यालयमा स्वास्थ्य "प्राथमिक उपचार कीट" को ब्यवस्था, भिटामिन ए सहित फोलिक एसिडको ब्यबस्था ।

- खाजा खान पाउने संवैधानिक र कानूनी ब्यबस्थाको परिपालना भएको।
- १५ ओटै सामुदायिक बिद्यालयमा दिवा खाजा कार्यक्रम संचालन लागू गरिएको।
- किशोरीहरुका लागि स्यानिटरी प्याडको ब्यवस्था गरिएको।

### चुनौति र अवसर

विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रममा चुनौति :

- स्वास्थ दिवाखाजा व्यवस्थापनका लागि सबै विद्यालयमा छुट्टै चमेनागृह, किचन, कक्षा कोठाको प्रवन्ध गर्नु।
- मापदण्ड अनुसार विद्यालयमा नै खाजा पकाएर खुवाउने व्यवस्था मिलाउनु।
- उपलब्ध गराईएको रकमले खाजा व्यवस्थापनमा कठिनाई हुनु।
- स्वस्छ र सफा पिउने पानीको प्रवन्ध गर्नु।
- आमा अभिभावकलाई पोषणयुक्त दिवा खाजा व्यवस्थापनका लागि दैनिक पालोमा सहभागी गराउनु।
- अभिभावक तथा बिद्यार्थीलाई स्वस्थ र पोषणयुक्त खानेकुराको बारेमा सुसुचित गराउनु।
- आवश्यक जनशक्तिको अभावमा दिवाखाजा व्यवस्थान गर्नु।

### ४.४.३ उद्देश्यहरु

- ✓ विद्यालय जाने उमेरका सबै वालवालिका स्वस्थ रहन सहयोग गर्नु,
- ✓ सामुदायिक विद्यालयमा विध्यार्थीको आकर्षण बढाई कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमी ल्याउनु।
- ✓ पोषण, स्वास्थ्य र सरसफाइ प्रवर्धनको लागि सरोकारवालासँग सहकार्य गर्नु।
- ✓ सिकाइ सुधारमा सहयोग गर्न सरोकारवालासँग समन्वय गर्नु।

### ४.४.४ रणनीतिहरु

५ बर्षे नगर शिक्षा योजनाका उद्देश्य हासिल गर्न देहाय अनुसारका रणनीतिहरु हरिपुर नगरपालिकाले अवलम्वन गर्नेछ:-

- नगरपालिका भित्रका १५ वटै विध्यालयमा पोषणयुक्त दिवाखाजा व्यावस्थापन कार्यक्रम संचालनार्थ मापदण्ड निर्धारण गर्ने।
- दिवा खाजा कार्यक्रम क्रमश माथिल्लो तह सम्म विस्तार गर्ने रणनीति अवलम्वन गर्ने।
- आमा अभिभावकलाई दिवा खाजा कार्यक्रममा पालोमा सहभागी गराउने।
- विध्यार्थी संख्याको आधारमा पर्याप्त पानी, साबुन, हातधुने ठाउँ, स्वच्छ पिउनेपानी र विद्यालय परिसर सफा राख्ने व्यवस्था गर्ने।
- दिवा खाजा व्यवस्थापनका लागि स्थानीय उत्पादनलाई प्राथमिकता दिन प्रोत्साहन गर्ने।

- मापदण्ड अनुरुप दिवा खाजा कार्यक्रम संचालन भए नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने।
- दिवाखाजा तथा पोषण सम्बन्धमा प्रत्येक वर्ष कम्तिमा एकपटक अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने।
- किशोरीहरुका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी स्वास्थ्य शिक्षा दिन, स्वास्थ्य शाखा र दक्ष स्वास्थ्यकर्मीको सहयोगमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने।
- विद्यालयको फोहोरलाई वर्गीकरण गरी उचित व्यावस्थापन गर्न उचित प्रबन्ध गर्ने।
- सबै विद्यालयमा प्राथमिक उपचार बाकस उपलब्ध गराई सो को समुचित प्रयोगका लागि प्रोत्साहित गर्ने।

### ४.४.५. प्रमुख उपलब्धि तथा नतिजाहरु

**(क) उपलब्धि:-**

हरिपुर नगरपालिका भित्रका विद्यालयमा अध्ययन गर्ने सबै बालवालिकाको पहुँच र सहभागितामा वृद्धि भई स्वास्थ्य,पोषण तथा सिकाइ अवस्थामा सुधार हुनेछ।

स्थानीय पाठ्यक्रममा पोषण सम्वन्धी विषयवस्तु समावेश भएको हुँदा सो सम्वन्धी सैदान्तिक तथा व्यावहारिक ज्ञान हासिल हुनेछ।

**(ख) प्रमुख नतिजाहरू :**

- दिवाखाजालाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न सहयोग पुगेको हुनेछ।
- विद्यालयमा दिवा खाजा फोकल पर्सन तथा पोषण र स्वास्थ्य सम्बन्धी जिम्मेवारी निर्धारण सहित कार्यान्वयन भएको हुनेछ।
- सबै सामुदायिक विद्यालयमा (बालकक्षा देखि ५ कक्षामा) पौस्टिक तथा स्वस्थकर स्थानीय उत्पादनलाई खाजाको रुपमा प्रयोग गरिएको हुनेछ।
- दिवा खाजा व्यवस्थापनमा विद्यालय, वडा कार्यालय र पालिकाको उचित सहभागिता र अनुगमन भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य** - *प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | दिवा खाजाका लागि आवस्यक सामाग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | दिवाखाजा मापदण्ड र गुणस्तर सम्बन्धी तालिम | पटक | १ | १ | | | | २ | स्थानीय तह र बिद्यालय |
| ३ | दिवा खाजाका लागि स्थानीय उत्पादन प्रवर्धन तालिम र प्रोत्साहन | पटक | १ | | १ | | | २ | स्थानीय तह र बिद्यालय |
| ४ | पर्याप्त पानी, साबुन, शौचालय विद्यार्थी संख्या अनुसारको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ५ | किशोरीका लागि स्यानिटरी प्याडको ब्यबस्थापनको लागि थप कोठा र डिस्पोजल मेशीन व्यवस्था | संख्या | | १ | १ | १ | १ | ४ | प्रदेश, स्थानीय तह र बिद्यालय |
| ६ | स्वास्थ्य जाँच र औषधि वितरण (भिटामिन ए, क्याल्सियम, जुकाको औसधि आदि) | निरन्तर | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ७ | विद्यालयलाई प्राथमिक उपचार कीट प्रदान तथा प्रतिस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ८ | दिवाखाजा व्यवस्थापनका लागि परियोजना कार्यको रुपमा बालक्लब र इकोक्लब परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

## ४.५ विद्यालय सुरक्षा, विपद न्युनीकरण, तथा उत्थानशीलता

### ४.५.१ परिचय

बालबालिकाले आफ्नो घर परिवार र विद्यालयमा कुनै पनि प्रकारको शारिरिक एबं मानसिक हिंसा र तनावबाट मुक्त भई भयरहित वातावरणमा आत्मसम्मानका साथ बाँच्न र पढ्न पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । सबै अभिभावक र शिक्षक सचेत बनेर उनीहरुलाई सम्मानका साथ विद्यालयमा पढ्न सिक्न सक्ने वातावरण निर्माण गर्नुपर्दछ साथै शारीरिक यातना र दण्डरहित शिक्षा दिनुपर्दछ।

विपद तथा संकटको अवस्थामा पनि वालवालिकालाई शिक्षाको अधिकारबाट बञ्चित नगरिकन शिक्षा दिलाउने, विपद् तथा संकटपछि यथार्थ अवस्थाको जानकारी गराउँदै क्षति कम गर्ने उपाय अवलम्वन गर्नुपर्दछ। मनोसामासिक परामर्श सहित पढाई सुचारु गर्ने, आपतकालीन अबस्था वा बन्दको परिवेशऽ संकटको  समय वा प्राकृतिक प्रकोप बाढीपहिरो, भुकम्प, जस्ता त्रासदिको अवस्थाबाट मुक्त गरी बालबालिकालाई शिक्षा पाउने हकको उपभोग गर्ने गरी कार्यक्रम तय गर्नुपर्ने हुन्छ । प्राकृतिक प्रकोप, भुकम्पबाट क्षतविक्षत अवस्थामा पुगेको विद्यालयलाई सुरक्षित

अवस्थामा चाँडो भन्दा चाँडो सञ्चालन गर्न उत्थानशीलताको जरुरी हुन्छ। सिकाई निरन्तरताका लागि स्वीकृत भएको " बिपद पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा संञ्चालन) निर्देशिका, २०८० कार्यन्वयनका चरणमा रहेको छ।

### ४.५.२ बर्तमान अवस्था

हरिपुर नगरपालिकामा भएका विद्यालयहरुको सुरक्षा, बिपत न्युनिकरण तथा उत्थानशीलताको सन्दर्भमा धेरै कार्यहरु भएतापनि अझै धेरै सुधारका कार्यहरु गर्न बाँकी रहेको छ। विगतमा कोभिड-१९ जस्ता महामारीले शिक्षा क्षेत्रलाई नराम्ररी असर पारेको थियो। सो समय अनलाइन मार्फत शिक्षण गर्न Zoom, Google Meet, बिभिन्न ग्रुपजस्ता प्रविधि मार्फत शिक्षण सिकाई क्रियाकलाप अगाडि बढाउदै सिकाईलाई निरन्तरता दिएको थियो। बालमैत्री वातावरण,विपद उत्थानशील विद्यालय र सुरक्षित वातावरणको अवस्थाका लागि विपद प्रतिकार्य योजना लगायत विपद सम्बन्धी बिभिन्न निर्देशिका तथा कार्यविधिहरु तयार गर्नुपर्ने अवस्थाछ। वडा र बिद्यालयहरुमा बृहत बिद्यालय सुरक्षा कार्यविधि २०७५ अनुसार विपद व्यवस्थापन योजना निर्माण कार्यान्वयन गर्नुपर्ने पनि अवस्था रहेकोछ। हाल कार्यान्वयनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना SESP ले बिपद जोखिम न्युनिकरण र प्रतिकार्यलाई अन्तरसम्वन्धित बिषयका रुपमा प्राथमिकतामा राख्दै स्थानीय तहमा भएका संरचनाहरुको सुरक्षित निर्माण र प्रवलीकरणलाई जोड दिइएकोछ। हरिपुर नगरपालिकामा समय समयमा आउन सक्ने प्राकृतिक प्रकोप तथा मानवीय प्रभावलाई व्यावस्थापन गर्न सरकारी तथा गैरसरकारी निकायहरुसँगको समन्वय र सहकार्यलाई बढाउँदै लानु पर्ने अवस्था रहेकोछ। अपाङ्गतामैत्री भवन निर्माण गर्नु र विपदको समयमा पनि सिकाइलाई निरन्तरता दिन आवश्यक पूर्वाधारहरु निर्माण र अद्यावधिक गर्नुपर्ने अवस्था रहेकोछ। पालिकामा बिपदको अवस्थामा सिकाई निरन्तरताका लागि आवस्यक हुने व्याबस्थापकीय तथा पेशागत क्षमता आपतकालीन अवस्थाको तयारी तथा प्रतिकार्य उत्थानशीलताको प्रणाली विकास गर्नु पनि उत्तिकै आवश्यकछ। आगलागी, डुबान तथा अन्य विपत्तिबाट स्थानीयलाई जोगाउन मानबीय भौतिक सहयोग र विपद व्यवस्थापन कोष मार्फत प्रभावित विद्यालय र विध्यार्थीलाई राष्ट्रिय अन्तराष्ट्रिय दातृ निकायवाट समेत सहयोग गर्नुपर्ने अपरिहार्यता रहेकोछ।

### अवसर तथा चुनौति

हरिपुर नगरपालिका मधेश प्रदेशको एक नगरपालिका भएकोले विपदबाट अछुतो छैन। विद्यालयहरूले विद्यालय सुधार योजना(SIP)निर्माण गर्दा जोखिम ब्याबस्थापनलाई समेत सम्वोधन गर्नुपर्ने हुन्छ। प्राकृतिक प्रकोप, महामारी, अन्य उत्पन्न संकट आदिको पुर्व अनुमान गर्न नसकिए पनि विपदपछिको उत्थानशीलतामा ध्यान पुग्नु जरुरीछ। पालिकाका सबै भूगोललाई समेटेर निर्देशिका अनुसार बिद्यालयहरुको संकट/बिपद योजना बनाउनु सान्दर्भिक हुन्छ।

### अवसर

- आपत्कालीन अवस्थामा शिक्षाको योजना बनाउँदा अन्य योजना संगै एकिकृत विपत योजना बनाउन सकिने,
- संकटको समयमा पनि शैक्षिक गुणस्तर बढाउन प्रविधिको उच्चतम उपयोग गर्नु,

- आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि स्थानीय स्तरमा नै श्रोत शिक्षक वा स्वयमसेवक सहजकर्ताहरुको व्यवस्थापन गर्न सकिने अवस्था रहनु,
- पूर्वअनुमान गर्न नसकिए पनि हुन सक्ने जोखिमको आकलन गरी स्रोतको पूर्व तयारी गर्नु

### चुनौति

- विपदको आकलन गरी एकिकृत योजना तयार गरी कार्यान्वयन गर्नु ।
- आपत्कालीन अवस्थामा सिकाइलाई निरन्तरता दिनु ।
- प्राकृतिक प्रकोप, भुकुम्प महामारी: राजनीतिक द्वन्द समेतको अवस्थामा उत्थानशील कामको ब्यबस्थापन गर्नु ।
- विपतलाई निराकरण गर्न आइपर्ने कठिनाइलाई न्युनिकरण गर्नु ।

### ४.५.३ उद्देश्यहरु

- संकटको संभावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक माध्यमबाट पूर्व सावधानीको वातावरण तयार गर्नु ।
- संभावित संकटको सामना गर्न उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय ,आर्थिक स्रोत र साधनको तयारी गर्नु ।
- आपतकालीन पुनर्स्थापना केन्द्र स्थापना गर्नु,
- वैकल्पिक सिकाईका लागि विभिन्न विधि प्रयोग गरी सिकाई वातावरण बनाउनु ।
- सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना निर्माण र कार्यन्वयन गर्नु ।

### ४.५.४ रणनीति

- संघीय सरकार, प्रदेश सरकारले ल्याएका नीति, नियम कानूनको पालना गरि आवस्यक नीति, मार्गदर्शन तथा कार्यबिधि तयार गर्ने ।
- संकटको पहिचान, मूल्याङ्कन तथा विश्लेषण गरी आवश्यक उद्धार र राहतका कार्यहरु गर्ने ।
- सबै विद्यालयमा विपद व्यवस्थापन योजना तयार गरी कार्यान्वयनमा ल्याउने ।
- महामारीको समयमा शिक्षण सिकाईका लागि बैकल्पिक उपायको अवलम्वन गर्ने ।
- सिकाइ निरन्तरताका लागि आवश्यक हुने सामग्री, औषधि, लत्ताकपडा आदिको प्रबन्ध गर्ने ।
- विद्यालय भवन निर्माण गर्दा Building code (भवन निर्माण संहिता) अनुसार भएनभएको अनुगमन निरिक्षण गर्ने ।
- विपद प्रतिकार्य सम्बन्धमा सरोकारवालाहरुको क्षमता विकास गर्ने ।
- विपद व्यावस्थापनमा स्थानीय साधन, स्रोत, ज्ञान र सीपको उपयोग गर्ने ।

- विद्यालय शान्ति क्षेत्रको अवधारणालाई सार्थकता दिन राजनीतिक दल, संघसंगठन, क्लब, सामाजिक सांस्कृतिक समूहसँग सहकार्य गर्ने।
- प्राकृतिक प्रकोपको जोखिम न्यूनिकरण गर्न हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा र दीगो विकासको अवधारणालाई समेटी कार्यान्वयनमा ल्याउने।
- सबै प्रकारका विपद र महामारीबाट बच्न पूर्व सावधानी, उपचार तथा रोकथाम र सचेतना अपनाउने।
- REAL Plan को प्रभावकारी कार्यान्वयन गरी सिकाइ आपुरण तथा द्रुत सिकाइको अवसर सुनिश्चित गर्ने ।

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजाहरु

**(क) उपलब्धिहरु :**

- आपतकालीन र संकटपूर्ण अवस्थामा पनि नगरपालिका भरिका बालबालिकाको सुरक्षा सहित शिक्षा पाउने हक सुनिश्चित हुनेछ।
- विपद् व्यावस्थापन प्रतिकार्यको संयन्त्र सहित कार्यढाँचाको विकास गरी कार्यान्वयन हुनेछ।
- संभावित विपद व्यावस्थापन तथा उत्थानशीलताका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ।

**(ख) नतिजा :-**

- प्राकृतिक प्रकोप महामारी ब्यावस्थापनका लागि पूर्व तयारी, प्रतिकार्य तथा उत्थानशीलताको योजना बनाई क्षमता विकास भएको हुनेछ।
- संकट व्यवस्थापनका लागि आवश्यक भौतिक, आर्थिक र मानवीय स्रोतको परिचालन तथा व्यवस्थापनमा सक्षम भएको हुनेछ।
- संकटपूर्ण अवस्थामा पनि वैकल्पिक सिकाई प्रविधिको अधिकतम उपयोगरी शिक्षाको वैकल्पिक अवसर प्राप्त भएको हुनेछ।

### प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | विपद तथा प्रकोप व्यावस्थापन नीति तथा मापदण्ड निर्माण र पुनरावलोकन कार्यक्रम | पटक | | १ | | १ | | २ | स्थानीय तह |
| २ | विपद सम्बन्धमा स्थानीय तह र विद्यालयको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बिपद पूर्वतयारी, प्रतिकार्य, उत्थानशीलता तथा पुन:स्थापनाका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ४ | शिक्षक, विब्यस तथा सिअसंघ तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ५ | विद्यालय बिपद जोखिम व्यवस्थापन योजना निर्माण अद्यावधिक र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ६ | REAL Plan कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ७ | विपदमा सिकाइ निरन्तरता | विपदको अवस्थामा | | | | | | | स्थानीय तह र बिद्यालय |
| ८ | कृत्रिम घट्ना अभ्यास | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ९ | उद्धार सामग्रीहरुको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १० | बिपद व्यवस्थापन फोकल शिक्षक सञ्जाल निर्माण र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

## ४.६ विद्यालयमा भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय : -

विद्यालयमा विध्यार्थी भर्ना हुनुका लागि आफूलाई सुरक्षित महसुस गर्नुपर्छ। जसका लागि सुरक्षित भवन, कक्षाकोठा, खेलमैदान, बाटो, खाजाघर (Canteen), शौचालय, खानेपानी तथा शैक्षिक वातावरण आवश्यक पर्दछ। बालमैत्री बिद्यालय राष्ट्रिय प्रारुप २०६७ मा एक जना बिध्यार्थीका लागि सुविधाजनक बस्ने ठाँउ पठनपाठनका लागि वाल विकास देखि ५ कक्षा संम्म ०.७५ बर्गमिटर र ६-१२ कक्षालाई १.०० वर्गमिटर क्षेत्रफल आवश्यक पर्ने उल्लेखछ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयमा विपद जोखिममुक्त भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, शौचालय, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पुर्वाधार तयार गरि हरित, वालमैत्री र अपाङ्गतामैत्री विद्यालय विकास गर्ने नीति लिएकोछ। संघीयताको मर्म अनुरुप हरिपुर नगरपालिकाले पनि सुरक्षित बिद्यालयको मर्मलाई अघि सार्दै पूर्वाधार विकासमा ध्यान पुऱ्याइरहेको छ भने नेपाल राष्ट्रिय पुननिर्माण प्राधिकरणले पनि विपद जोखिममुक्त केही बिद्यालय भवन निर्माण गरेकोछ।

### ४.६.२ बर्तमान अवस्था

हरिपुर नगरपालिकामा १ वटा क्याम्पस, ६ ओटा मावि, ९ वटा आवि, ७ निजी विद्यालय सञ्चालित छन्। १५ मध्ये आंशिक विद्यालयमा मात्रै पक्की भवन रहेका छन्। नगरपालिकाले माध्यमिक बिद्यालयमा CCTV क्यामेरा जडान गरेकोछ। सबै बिद्यालयहरुमा ईन्टरनेट सुविधा उपलब्ध भएकोछ। माध्यमिक कक्षा सञ्चालन भएका विद्यालयमा पुस्तकालय तथा बिज्ञान प्रयोगशाला रहेका छन्। प्रविधिमैत्री शिक्षणको लागि सबै विद्यालयमा कम्प्युटर रहेका छन्। सबै विद्यालयमा भौतिक पूर्वाधारका कामहरु भएतापनि अपेक्षित रुपमा सुरक्षित भवन, खानेपानी, शौचालय जस्ता आधारभूत मापदण्ड अनुसारका भौतिक संरचनाको अभाव रहेकोछ।

हालसम्मको अवस्था तथा विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड-२०८० अनुसार हरिपुर नगरपालिका भित्र रहेका बिद्यालयको अवस्था:-

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | विद्यालय संख्या | २२ |
| २ | जम्मा कक्षा कोठा | १६५ |
| ३ | पक्की कक्षा कोठा | १६५ |
| ४ | कच्ची कक्षा कोठा | ० |
| ५ | नपुग कक्षा कोठा | १२ |
| ६ | पुस्तकालय कोठा | ६ |
| ७ | कार्यालय कोठा | २२ |
| ८ | निर्माण पुननिर्माण गर्नुपर्ने विद्यालय संख्या | ४ |
| ९ | WASH सहितको शौचालय भएका | १५ |
| १० | छात्राका लागि बेग्लै शौचालयको प्रवन्ध भएका विद्यालय संख्या | २२ |
| ११ | बिज्ञान प्रयोगशाला भएका बिद्यालय | ६ |
| १२ | कम्प्युटर ल्याब भएका बिद्यालय | ६ |
| १३ | कृषि ल्याव कोठा | ३ |
| १४ | गणित ल्याब भएका बिद्यालय | ० |
| १५ | खेल उद्यान भएका बिद्यालय | ८ |

## चुनौती र अवसरहरू

### चुनौतीहरु

- आवश्यकता अनुसार कक्षाकोठा, शौचालय,प्रयोगशालाको प्रवन्ध गर्नु।
- गुरुयोजना निर्माण गरी सबै विद्यालयमा पूर्वाधार विकासका कार्य गर्नु।
- पूर्वाधार निर्माण र व्यवस्थापनका लागि स्रोतको यथेस्ट व्यबस्थापन गर्नु।
- पुर्वाधार निर्माण कार्यलाई गुणस्तरीय, पारदर्शी र जवाफदेही बनाउनु।

- भौतिक पुर्वाधारलाई बालमैत्री, अपाङ्गतामैत्री, लैंगिकमैत्री बनाउनु।

### अवसर

- स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको अधिकार दिएकाले आवश्यकताका आधारमा पूर्वाधारको काम गर्ने अवसर प्राप्त हुनु।
- विद्यालयको आवश्यकता अनुसार स्थानीय तहबाट सहजीकरण हुने हुँदा भौतिक पुर्वाधार विकासमा सहयोग पुग्नु।

### ४.६.३ उद्देश्य

- बिद्यालयको पूर्वाधारहरु सुरक्षित र जोखिममुक्त बनाई पहुँचयुक्त वातावरणमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु।
- पूर्वाधार निर्माणको न्यूनतम मापदण्ड तयार गरी कार्यान्वयन गर्नु
- भौतिक पूर्वाधार निर्माण गर्दा पारदर्शी र जवाफदेही प्रणालीको विकास गर्नु ।
- जलवायु परिवर्तनका असरबाट सुरक्षित हुने उपायहरु अवलम्वन गर्न सरोकारवाला र विज्ञसँग परामर्श र आवश्यक सहकार्य गर्नु।

### ४.६.४ रणनीतिहरु

- विद्यालयहरूको आवश्यकताका आधारमा (भूगोल, विद्यार्थी संख्या) मापदण्ड अनुरूप भौतिक पुर्वाधार विकास गर्ने।
- विद्यालय पूर्वाधार विकासमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार र दातृ निकायसंगको लागत साझेदारीमा स्रोत व्यावस्थापन तथा परिचालन गर्ने।
- सुरक्षित विद्यालय एवं वातावरणीय पक्षलाई ध्यान दिदै संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- भौतिक पूर्वाधार विकासका लागि सामुदायिक वन, स्थानीय समुदाय, सरकारी, गैरसरकारी संस्था लगायत स्थानीयस्तरका साझेदार निकायको परिचालन गरि सहकार्य गर्ने।
- कक्षाकोठालाई वालमैत्री, प्रविधिमैत्री प्रयोगात्मक प्रयोगशालाको रूपमा परिणत गर्न मापदण्ड अनुसारको आवश्यक सामाग्रीको व्यवस्थापन गर्ने।
- रमाइलो बातावरणमा शिक्षण सिकाइ कृयाकलाप गर्न आवश्यक सामाग्री सहितको वाल उद्यान निर्माणको कार्यक्रमलाई प्रोत्साहन गर्ने।
- बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने।
- प्रविधिको उपयोगका लागि इन्टरनेट, विज्ञान प्रयोगशाला, गणित प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय, व्यवस्थापन गर्ने ।

- पहुँचयुक्त शुद्ध पिउनेपानी र लैंगिक र अपाङ्गतामैत्री शौचालयको व्यवस्था गर्ने ।
- आंशिक क्षति भएका भौतिक संरचनाहरुलाई मर्मत संभार, प्रवलीकरण (Retrofitting) गर्ने ।
- भौतिक पुर्वाधार बिकास गर्दा स्थानीय दक्ष जनशक्ति र सामाग्रीको प्रयोगमा जोड दिने ।

### ४.६.५ उपलब्धि तथा नतिजाहरू

**(क) उपलब्धिहरु :**

- सबै विद्यार्थीलाई सुरक्षित र उपयुक्त भौतिक सुविधायुक्त विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने ।
- विद्यालयका भौतिक संरचना बालमैत्री,अपाङ्गतामैत्री, लैंगिकमैत्री र सुरक्षित हुने ।
- भयरहित वातावरणमा सिकाइको अवसर प्राप्त हुने ।

**(ख) नतिजाहरु :**

- आवश्यक्ताको पहिचान गरी मापदण्ड अनुसार भौतिक संरचनाको विकास भएको हुनेछ ।
- बिद्यालयका सरोकारवालाहरुलाई जिम्मेवार बनाउँदै भौतिक पूर्वाधार विकासको लागि उपलब्ध स्रोतको परिचालन र व्यावस्थापन गरिनेछ ।
- पुर्वाधार विकास गर्न मापदण्ड र गुरुयोजना तयार गरी कार्यान्वयन भएको हुनेछ ।
- कक्षा कोठाहरू विधागत र बिषयगत सिकाइ सामग्रीयुक्त भएका हुनेछन् ।(५) विद्यालयहरूमा वालमैत्री अपाङ्गतामैत्री लैंगिकमैत्री संरचनाको व्यावस्था भएको हुनेछ।
- बिद्यालयलाई घेराबार गरी सुरक्षित सिकाइ वातावरण तयार भएको हुनेछ ।
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आवश्यक प्रयोगशाला निर्माण भएको हुनेछ ।
- शिक्षाको वैकल्पिक अवसर प्रयोग गरी प्रकोप, महामारीको समयमा पनि सिकाइ निरन्तरता भएको हुनेछ ।

### ४.६.६ क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | मापदण्ड अनुसार विद्यालय भवन निर्माण | संख्या | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| २ | विद्यालयको सवलीकरण | संख्या | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| ३ | विद्यालयमा बनेका संरचनाको मर्मत सम्भार | निरन्तर | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| ४ | बालमैत्री र अपाङ्गतामैत्री फर्निचर ब्यबस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | छात्र/छात्रालाई छुट्टै शौचालय र सरसफाई सेवा | संख्या | | ७ | ७ | ५ | ५ | २४ | संघ,प्रदेश र स्थानीय तह |
| ५ | जैविक घेराबार सहितको खेलमैदान भएको हरित विद्यालय व्यवस्थापन | संख्या | १० | १० | ७ | ७ | ५ | ३९ | संघ/ प्रदेश/ पालिका र बिद्यालय |
| ६ | बिषयगत कक्षाकोठा व्यवस्थापन | संख्या | | २ | २ | २ | २ | ८ | संघ/ प्रदेश/ पालिका र बिद्यालय |

## ४.७ शिक्षामा सुचना र प्रविधि

### *४.७.१ परिचय*

सूचना तथा सञ्चार प्रविधी समाजका विविध आयामहरूमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनी सकेकोछ । शिक्षा क्षेत्रमा सूचना तथा प्रविधीको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइ रहेकोछ । शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा संचार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरूलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरूले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ । व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न, अनुगमन र मूल्याङ्न गर्न, तालिम, सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधीलाई प्रयोग गरिएकोछ ।

अजाको युगमा सूचना र प्रविधिलाई कुनै पनि क्षेत्रमा अपरिहार्य विषयवस्तु एव्म साधनको रुपमा लिने गरिएक छ । जसरी शरीरमा रक्त सञ्चारको महत्व हुन्छ, त्यसैगरी कुनैपनि कार्यसम्पादन हुने जुनसुकै क्षेत्रमा सूचना र प्रविधिको महत्व रहेकोछ । शिक्षा क्षेत्रमा सूचना तथा प्रविधिको प्रयोग वयवस्थापकीय तथा शिक्षण सिकाइको पक्षमा भइरहेको छ । सूचना र प्रविधिको तीव्र विकास वृद्धिको कारणबाट विश्व एक गाउँ जस्तै भएकोछ । सूचना र प्रविधिको विकासको बहुआयामिक प्रभाव सबै क्षेत्रमा परेकोछ । नवीन सूचना र प्रविधिबाट आफुलाई सुसज्जित गर्न नसके कुनैपनि व्यक्तिले सहज जीवनयापन गर्न सक्दैन । साधन स्रोतमा सहज पहुँच र प्रयोगका लागि सूचना प्रविधियुक्त कम्प्युटर शिक्षा आधारभूत सर्त हो । आज मोबाइल ,इन्टरनेट, ट्याबलेट,कम्प्युटरको माध्यबाट द्रुत गतिमा व्यवसायिक प्रतिस्पर्धा चुलिएको अवस्थाछ । दैनिक जीवन होस् वा विभिन्न पेशागत जीवनलाई सहज र सक्रिय बनाउन कम्प्युटर एवं यससँग जोडिएका प्रविधिको अपरिहार्यतालाई नकार्न सकिन्न । शिक्षण संस्थाले परम्परागत किताबी ज्ञानको सट्टा नवीन ज्ञान र सीपबाट सुसज्जित गर्न सूचना र प्रविधियुक्त शिक्षामा विशेष ध्यान दिन हिचकिचाउनु हुन्न अन्यथा विद्यालयले वेरोजगार र गफाडी उत्पादन गर्ने कारखानाको उपमा व्यहोर्नुपर्ने हुन्छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकासक्रम हेर्दा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको योजना २०१३-२०१७ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधीको सम्बन्धमा मार्गदर्शक सिद्धान्तहरू विकास गरेको थियो । ती मार्गदर्शक सिद्धान्तहरू आजको सन्दर्भमा समेत उत्तिकै सान्दर्भिक रहेका छन् । उक्त गुरुयोजनाले निर्धारण गरेका

उद्देश्यहरूमा सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रूपमा विकास गरी डिजिटल डिभाइड कम गर्ने, शिक्षामा समतामूलक पहुँच पुऱ्याइ गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभूति गर्ने रहेका थिए। यसका लागि उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने, शैक्षिक पद्धति तथा व्यवस्थापनमा सुधार गर्ने थिए। यस गुरुयोजनाको सन्दर्भ हाल समेत रहेको पाउन सकिन्छ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी वर्तमान अवस्थाको समीक्षा गरी चुनौतिहरूको पहिचान गरीएकोछ। पहिचान गरिएका चुनौतिहरूको सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरिएको छ। तथापि यस परिच्छेद अन्तरगतका योजनाको खाका छुट्टै विषयक्षेत्र अन्तरगत नपर्ने हुनाले सान्दर्भिकताका आधारमा सूचना तथा प्रविधि सम्बन्धी समग्र योजना निर्माण गरी सम्बन्धित विषय क्षेत्रसँगै सम्बन्ध गराइनु पर्दछ।

### ४.७.२ वर्तमान अवस्था

राष्ट्रिय रूपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र पुगेको वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति कानुन तथा रणनीतिहरूको व्यवस्था र तिनको कार्यान्वयन, शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम, लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ। नेपालले ब्रोडब्यान्ड नीति २०७१ ल्याएकोछ। जसले विद्यालय लगायतमा कनेक्टिभिटी र सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेकोछ। त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२ ले सूचना र संचारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेकोछ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू तय गरेकोछ। डिजिटल नेपालको कार्यढाँचा २०७६ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial/GIS शिक्षा प्रदान गर्ने र शिक्षाक्षेत्रको सूचना र सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेकोछ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरिएकोछ। उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेकोछ।

तथ्याङ्कगत रूपमा हेर्दा हरिपुर नगरपालिकाको सबै बिद्यालयहरुमा ईन्टरनेट कनेक्टिभिटी पुगेकोछ।

### अवसर र चुनौतिहरू

यस प्रकारका राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा सूचना तथा सञ्चार प्रविधी सम्वन्धी निम्नलिखित चुनौतिहरू पहिचान गरिएकोछ।

- सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटि लगायतका प्राविधिक पुर्वाधारको पहुँच सबै विद्यालयमा पुऱ्याउने,
- सूचना तथा सञ्चार प्रविधी सम्वन्धी उपकरणको व्यवस्थापन, त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु,
- अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्नु,
- सूचना तथा सञ्चार प्रविधिको लागत प्रभावकारीता वृद्धि गर्ने,
- अन्तरकृयात्मक सफ्टवेयरमा लाग्ने खर्च व्यवस्थापन गर्नु,
- सवै प्रयोगकर्तालाई सहज हुनेगरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु,
- इन्टरनेट सेवा प्रदायक संस्था र गाउँपालिका विचमा समन्वय स्थापना गर्नु।

### ४.७.३ उद्देश्यहरू

शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्वन्धी योजनाका निम्नानुसारका उद्देश्यहरू रहेका छन।

- विश्वसनीय र भरपर्दो सूचनालाई शिक्षण सिकाइमा प्रयोग गर्नु,
- सही र भरपर्दो सूचनाको प्रयोग गर्ने सीप विकास गर्नु,
- शिक्षण सिकाइ प्रकृयामा सरलता ल्याउनु,
- शिक्षा क्षेत्रमा आउन सक्ने परिवर्तन, जोखिम तथा चुनौतीको पूर्वानुमान गर्न सहयोग पुऱ्याउनु,
- प्रभावकारी गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउने,
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र छिटो छरितो र सस्तो बनाउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउने।

### ४.७.४ रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाउने,
- विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा संचार प्रविधि सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने, नगरपालिका तथा विद्यालयबाट छनौट तथा नियुक्त गरिने शिक्षकहरूको लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गर्ने ,
- पाठ्यक्रम तथा पाठ्यसामग्रीहरूको डिजिटल प्रतिविद्यार्थीहरूलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाउने,
- स्थानीयस्तरबाट निर्माण तथा विकसित गरिएका सूचना तथा संचार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरू एकीकरण गरी त्यसको सहज पहुँचका लागि ई पोर्टलको व्यवस्था-गर्ने
- विश्वव्यापीरूपमा उपलब्ध शैक्षिक श्रोत सामग्रीहरूमा इन्टरनेटका सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीको पहुँच विस्तार गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्वय गर्ने
- सबै विद्यालयहरूले IEMIS अन्तरगतका कार्यहरूलाई समयमा नै सम्पन्न गर्ने गरी क्षमता विकास गर्ने,
- कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरूमा ई पुस्तकालय सञ्चालन-गर्ने ।
- IT स्रोत शिक्षकको व्यवस्था गर्ने ।

### ४.७.५ नतिजा, क्रियाकलाप तथा लक्ष्य

#### उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधीको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन हुने,
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पुर्बाधार विकास भई सबैको पहुँच स्थापित हुने,
- विभिन्न कक्षा तथा विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने,
- सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना संचार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुग्ने,
- सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने,
- डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधि आधारभूल पुहँच पुर्‍याउने,

- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र सस्तो बनाउने,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी कार्यकुशल पारदर्शी र समतामूलक बनाउने,
- सूचना तथा सञ्चार प्रविधीमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी कार्य विद्यालयहरू स्वयंले समयमा नै सम्पन्न गर्ने,
- सूचना प्रविधिको प्रयोगले विद्यालय तथा गाउँपालिकाको व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति, र समयको बचत हुने,

### *प्रमुख क्रियाकलापहरू तथा लक्ष्य*

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सबै विद्यालयमा कम्प्युटर पहुँच बिस्तार | संख्या | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| २ | कक्षा १-८ सञ्चालन भएका आधारभुत विद्यालयहरुमा तथा सबै माध्यमिक विद्यलयहरुमा कम्प्युटर ल्याव स्थापना गर्ने | संख्या | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| ३ | सबै विद्यालयहरुमा इन्टरनेट कनेक्टिभिटी पुऱ्याउने | संख्या | | २ | २ | २ | २ | ८ | संघ,प्रदेश र स्थानीय तह |
| ४ | स्थानीय स्तरमा निर्मित शैक्षिक सामाग्रीको सहज उपलब्धता र समुचित प्रयोगका लागि एजुकेशन पोर्टल सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ,प्रदेश र स्थानीय तह |
| ४ | पाठ्यक्रम तथा पाठ्यामाग्रीका डिजिटल प्रति तथा अन्तरक्रियात्मक डिजिटल सामाग्री सबैलाई सहज रुपमा उपलब्ध गराउने | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | संघ,प्रदेश र स्थानीय तह |
| ५ | सबै विद्यालयहरुलाइ IEMIS सम्बन्धी तालिम सञ्चालन। | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह र बिद्यालय |
| ६ | सबै तहमा शिक्षण गर्ने शिक्षकहरुको लागि प्रविधिमैत्री तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह र बिद्यालय |
| ७ | वडागत रुपमा नमूना ICT ल्यावको स्थापना | संख्या | २ | २ | २ | २ | २ | १० | संघ,प्रदेश र स्थानीय तह |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | मावि संचालित विद्यालयमा ई-पुस्तकालय संचालन | पटक | १ | १ | १ | १ | १ | ५ | संघ, प्रदेश, स्थानीय तह र बिद्यालय |
| ९ | भर्चुअल माध्यमबाट नियमित प्र.अ., बिव्यस र बिषयगत शिक्षकबीच सिकाइ आदानप्रदान अन्तरक्रिया सञ्चालन | निरन्तर | | | | | | | |

## परिच्छेद ५ सुशासन तथा व्यवस्थापन

### ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत विकास

नेपालको शिक्षाक्षेत्रको विद्यमान अवस्था तीनै तहका सरकारमा कर्मचारी व्यावस्थापन र संगठनात्मक स्वरुपमा केहि परिर्वतन गरी व्यावस्थापन गरिएकोछ । आजको सूचना र प्रविधिको युगसंगै शैक्षिक गतिबिधिलाई प्रबिधिमैत्री र प्रभावकारी बनाउन शासकीय संरचना, प्रक्रिया र क्षमतामा सुधार गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्नुका साथै संस्थागत क्षमता विकास गर्न आवश्यकछ ।

संघीय संरचना अनुसार शिक्षा क्षेत्रको बिकासका लागि संघ, प्रदेश, स्थानीय तहमा तथा स्वायत निकायका रुपमा विभिन्न सरकारी संस्थाहरु रहेकाछन् । संघमा शिक्षा विज्ञान तथा प्रबिधि मन्त्रालय रहेको छ । यसका मातहतमा केन्द्रीय पाठ्यक्रम विकास केन्द्र, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परिक्षण केन्द्र रहेको छन । भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा वोर्ड स्वायत निकायका रुपमा रहेकाछन् ।

त्यसैगरी स्थानीय तहमा नगर शिक्षा समिति, बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ शैक्षिक सुशासनको मुख्य जिम्मेवार सरोकारवालाहरु हुन । सरोकारवालाहरुको क्षमता विकास र शुसासन प्रवर्द्धनमा उत्तरदायी बनाउनु आजको आवश्यकता हो ।

#### ५.१.१ वर्तमान अवस्था

शिक्षामा विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँच र सहभागिता सुनिश्चतता गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा जीवनपर्यन्त सिकाइको अवसर र समता तथा समावेशीताको प्रवर्द्धन गरी जवाफदेही शैक्षिक सुशासन कायम गर्न संस्थागत क्षमता विकासका कार्यक्रमहरु संचालनमा रहेकाछन् । शिक्षामा सुधार ल्याउन सरोकारवाला सबैको क्षमता विकास गर्न आवश्यक रहेकोछ । नगरपालिकाभित्र सन्चालित शिक्षा विकासका कार्यक्रमहरुको कार्यन्वयनका लागि भएका प्रयासहरुको समिक्षा गर्दै विद्यालय क्षेत्रको योजना प्रभावकारी कार्यन्वयनका लागि संस्थागत क्षमता विकास र प्रक्रियामा देखिएका चुनौतीहरु पहिचान गर्दै तिनीहरुको समाधानका लागि सुशासन प्रवर्द्धन गर्नु आवश्यक रहेकोछ ।

यस पालिका मार्फत संस्थागत क्षमता विकास गर्ने सन्दर्भमा बिभिन्न ऐन नियमावली तथा कार्यविधिहरु तयार गरी कार्यान्वयनमा ल्याइएकोछ । कार्य समयलाई गुणात्मक, बिश्वसनीय र पारदर्शी बनाउनको लागि माध्यमिक बिद्यालयहरुमा सिसी क्यामेराको व्यवस्थापन गरिएकोछ । सबै विद्यालयका प्रधानाध्यापक र बिद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुलाई समावेशी शिक्षा र नेतृत्व विकास सम्बन्धी क्षमता विकास तालिम र अभिमुखीकरण गरिएको अवस्थाछ । बिद्यालयका गतिविधिहरुलाई पारदर्शी र बिश्वसनीय बनाउन अधिकांश बिद्यालयहरुमा नागरिक बडापत्र सूचनापाटी, सुझाव पेटिका र आचारसंहिता तयार गरी कार्यान्वनमा ल्याईएकोछ । पालिका मार्फत बिद्यालय सुधार योजना र सामाजिक परीक्षण लगायत बिषयहरुमा सरोकारवालाहरुको क्षमता विकास गर्ने गरिएकोछ । बालबालिकालाई संगठित र बाल अधिकार सम्बन्धमा सुसुचित गर्न जुनियर रेडक्रस सर्कल र युवा रेडक्रस सर्कल, विद्यालय स्तरीय बाल क्लबको गठन र परिचालन गरिएकोछ । बिद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकहरु नियमित र प्रभावकारी रुपमा बस्ने गरेकोछ । सबै बिद्यालयमा व्यवस्थापन समितिहरु नियमित समयमा गठन तथा पुनर्गठन हुने गरेकोछ ।

### संस्थागत क्षमता विकासका चुनौतीहरु

### चुनौतीहरु

१ सङ्घीय शिक्षा ऐन जारी नभएको अवस्थामा स्थानीय तहले ऐन तथा कार्यविधि तयार गरी कार्यान्वयनमा गर्नु ।
२ स्थानीय तहमा संस्थागत विकास गर्ने संयन्त्र विना क्षमता विकासका कार्यक्रमहरु संचालन गर्नु ।

### ५.१.२ उद्देश्यहरु

- सहकार्य र समन्वयको माध्यमद्धारा स्थानीय तहको शैक्षिक संयन्त्र निर्माण गरी संस्थागत क्षमता बिकास गर्नु ।
- क्षमता विकास सम्बन्धी सूचकहरु तयार गरी कार्यान्वयनमा ल्याउनु ।
- सरोकारवालाहरुलाई सुशासन सम्बन्धमा क्षमता अभिवृद्धि गर्नु
- संस्थागत क्षमता विकासमा सहयोग पुर्याउने संयन्त्रको कार्यान्वयनमा सहजीकरण गर्नु ।

### ५.१.३ रणनीति

- संस्थागत क्षमता विकासको लागि सम्बन्धित निकायहरुसँग सहकार्य र समन्वय गर्ने ।
- संस्थागत क्षमता विकासका सूचकहरु तयार गरी कार्यान्वयनमा ल्याउने ।
- बिद्यालयका सरोकारवालाहरुको सहभागितामा स्वलेखाजोखा गरी गुणस्तर सुधार र सुशासन प्रवर्द्धनमा जवाफदेही बनाउने ।
- संस्थागत क्षमता विकासमा सहयोग पुर्याउने संयन्त्रको प्रभावकारी कार्यान्वयनमा सहजीकरण गर्ने ।
- क्षमता विकासका कार्यहरुमा नगर शिक्षा समितिलाई थप जिम्मेवार बनाउने ।
- नगरपालिकामा बिषय विज्ञको व्यवस्था गरी बिषयगत क्षमता अभिवृद्धि गर्ने ।

- पालिकाभित्रका विद्यालयको शैक्षिक क्रियाकलापहरुलाई व्यवस्थित र प्रभावकारी बनाउन बिद्यालय स्रोत निरिक्षक ब्यावस्थापन गर्ने।
- शिक्षक छनौट समितिको कार्यलाई थप व्यवस्थित र बिश्वसनीय बनाउने।
- प्रधानाध्यापक तथा शिक्षक कर्मचारीको करार सम्झौता अनुसार कार्यसम्पादनलाई थप प्रभावकारी र नतिजामुखी बनाउने।

### ५.१.४ प्रमुख उपलब्धी तथा नतिजा

#### (क) उपलब्धि

नगरपालिकाभित्र सन्चालित शैक्षिक संस्थाहरुमा सुशासनको प्रवर्द्धन हुने र बालबालिकाहरुको सिकाईस्तरमा वृद्धि हुने।

#### (ख) प्रमुख नतिजाहरु

- शिक्षाको शासकीय तथा व्यावस्थापकीय कार्यको लागि आवश्यक जनशक्ति तथा संरचना तयार भई क्षमता अभिबृद्धि भएको हुनेछ।
- नगरपालिका भित्रका सबै वडाहरुमा शिक्षाको संस्थागत क्षमता विकासका लागि आवश्यक योजना तयार भइ कार्यन्वयन भएको हुनेछ।
- शिक्षा प्रवाह गर्ने संस्थाका सरोकारवालाहरुमा कर्तव्य जिम्मेवारी, र अधिकारको बोध भई सुशासन कायम भएको हुनेछ।
- सुशासनसँग सम्बन्धित विधि पद्धति र संयन्त्रहरु क्रियाशिल रुपमा कार्यान्वयन भएका हुनेछन।

***प्रमुख क्रियाकलाप र लक्ष्य:***

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | |
| १ | सबै बिधालयमा गुनासो सुन्ने अधिकारी र गुनासो पेटिकाको व्यावस्थापन | संख्या | ५ | ७ | ३ | | | १५ | स्थानीय तह र बिद्यालय |
| २ | गुनासो सुनुवाइ समिति गठन र अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ३ | सवै विधालयमा सुचना अधिकारीको व्यवस्था | संख्या | १५ | | | | | | स्थानीय तह र बिद्यालय |
| ४ | सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | सार्वजनिक सुनुवाई | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ६ | प्रधानाध्यापकसँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| ७ | सबै प्रधानाध्यापक तथा विधालय व्यवस्थापनमा सलंग्न जनशक्तीलाई क्षमता अभिवृद्धि तालिम | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह र बिद्यालय |
| ८ | सुशासन प्रवर्द्धनका लागि विधुतीय प्रणालीको उपयोग सम्बन्धी अभिमुखीकरण | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह र बिद्यालय |
| ९ | आचारसंहिता निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १० | बिद्यालय सुशासन सम्बन्धी क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ४ | स्थानीय तह र बिद्यालय |
| ११ | सूचकका आधारमा बिद्यालय स्वलेखाजोखा | पटक | १ | १ | १ | १ | १ | ५ | स्थानीय तह र बिद्यालय |
| १२ | नागरिक बडापत्रको व्यवस्थापन | संख्या | १५ | | | | | १५ | स्थानीय तह र बिद्यालय |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन्। नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको आठ वर्ष पुरा भई सकेकोछ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ। कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ अधिकारहरु को व्यवस्थाको प्रभावकारी कार्यान्वनयका साथै, नेपाल सरकारले तय गरेका शिक्षा क्षेत्रको १० बर्ष योजनाले तय गरेका लक्ष्यहरु पुरा गर्नका लागि र त्यसको कार्यान्वनयमा पनि स्थानीय सरकारले सहयोग समन्वय तथा आत्मीकरण गर्नु आवश्यक रहेकोछ। त्यसको साथै यस नगरपालिकाले पनि समग्र पालिकाको विकास र परिवर्तनका लागि केहि सोच, लक्ष्य, उद्देश्य सहित शिक्षा

क्षेत्रको नीति तय गरेकोछ। उल्लेखित सन्दर्भमा पालिकाको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उदेश्य पुरा गर्न नगरपालिकाका आवश्यकताहरु पुरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको ५ बर्षे नगर शिक्षा योजना तयार गर्नु आजको आवश्यकता रहेको निष्कर्ष रहेकोछ। साथै सबै स्थानीय सरकारहरुले शिक्षा क्षेत्रलाई ब्यवस्थित गर्न पालिकास्तरमा शिक्षा प्रोफाइल तथा शिक्षा योजना अति नै आवश्यक रहेको र तयार गर्ने प्रतिबद्ध गरे बमोजिम योजना निर्माणको कार्यलाई अगाडि बढाइएको हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र नि:शुल्क गरेको छ भने माध्यमिक तहसम्मको शिक्षालाई नि:शुल्क गर्ने हकको सुनिश्चत गरेकोछ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाको शिक्षामा कानुन बमोजिम नि:शुल्क गर्ने कुराको समेत सुनिश्चत गरेकोछ। संघीय स्वरुपको राज्य व्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भई क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आ-आफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइ सकेकोछ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तव्यहरुलाई उक्त योजनामा प्रतिविम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पुरा गर्नु आजको आवश्यकता हो।

### ५.२.२ वर्तमान अवस्था

हरिपुर नगरपालिकाले शिक्षाको गुणस्तर अभिवृद्धि गर्न र सुशासन कायम गर्न नगर शिक्षा समितिको अगुवाइमा पालिकामा शिक्षा क्षेत्रका क्रियाकलापहरु सञ्चालन गरिएको छ। सुशासन स्थापित गरी गुणस्तरीय सेवा प्रवाहका लागि बिभिन्न नीति, कार्यविधिहरु तयार गरी कार्यान्वयन गरिरहेको छ। बिद्यालयहरुलाई बिद्यालय सुधार योजना तयार गरी कार्यान्वयन गर्न तथा सामाजिक परीक्षणका लागि सहजीकरण गरि रहेकोछ।

### ५.२.३ उद्देश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु।
- एकिकृत पाठ्यक्रमको प्रभावकारी प्रयोग र कार्यान्वयन गर्नु।
- एकीकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण गर्नु।

### ५.२.४ रणनीतिहरू

- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने ।
